शनिबारको

# राजधानी

ग्राहक प्रति

काठमाडौं, धरान र बुटवलबाट एकैसाथ प्रकाशित




साहस च्याम्पियन... पृष्ठ ८


लोकप्रिय राष्ट्रिय दैनिक
राजधानी
ग्राहक बन्नु परेमा
नवीकरण गर्नु परेमा
ठेगाना परिवर्तन भएमा
र पत्रिका नियमित नआए
सिधा सम्पर्क 5546300, Ext: 112, 108



काठमाडौं । वर्ष १५, अंक २३०, काठमाडौं, शनिबार १६ माघ २०७२, नेपाल संवत् ११३६ । www.rajdhani.com.np । Email rajdhaninews@gmail.com । RAJDHANI Nepali National Daily । Kathmandu, Saturday 30 January 2016 । पृष्ठ : ८ मूल्य रु. ५/-


# सबै ग्याँसको ब्रान्ड एउटै बनाउने तयारी

**लक्ष्मी सापकोटा/काठमाडौं**

सबै ब्रान्डका ग्याँस सहज रूपमा नपाउने र एकअर्का ब्रान्डका ग्याँस साट्न नपाउँदा उपभोक्ताले सास्ती बेहोरिरहेका बेला सरकारले विभिन्न ५५ ब्रान्डका ग्याँस सिलिन्डरलाई एकीकृत गरी एउटै ब्रान्ड बनाउने तयारी गरेको छ ।

पछिल्लो समय भारतीय नाकाबन्दीका कारण ग्याँस पाउनका लागि सम्बन्धित कम्पनीमै धाउनुपर्ने र उपभोक्ताले आफ्नो ग्याँसको कम्पनी थाहा नपाएर ठुलो समस्या झेलिरहेका बेला उनीहरूलाई राहत दिन सरकारले यस्तो तयारी गरेको हो ।

'धेरै ब्रान्डका ग्याँसका कारण सहज रूपमा नपाएर उपभोक्ताले सास्ती बेहोरिरहेकाले उनीहरूलाई राहत दिनका लागि सबै ब्रान्डका ग्याँसलाई एकीकृत गरी एउटै बनाउने तयारी अघि बढाएका छौं,' आपूर्तिमन्त्री गणेशमान पुनले भने, 'यसलाई अघि बढाउनका लागि सरोकारवाला निकायसँग मन्त्रालयले गृहकार्य सुरु गरिसकेको छ ।'

मन्त्रालयले अघि बढाएको योजना सफल भएमा उपभोक्ताले सबै ब्रान्डका ग्याँस सहज रूपमा पाउनेछन् भने ग्याँसका सिलिन्डर साटिरहनुपर्ने झन्झटको अन्त्य हुनेछ । नेपाल आयल निगमको लोगो राखेर विभिन्न ब्रान्डका ग्याँस वितरणलाई व्यवस्थित बनाउने योजना मन्त्रालयको छ ।



आपूर्तिमन्त्री पुनले एकीकृत ब्रान्ड बनाउँदा उपभोक्ताले सहज ग्याँस पाउने र कालोबजारी नियन्त्रण हुने दाबी गरेका छन् । 'ग्याँसको समस्या यो वर्ष नाकाबन्दीले मात्रै होइन सधैं हुने हुँदा सधैंका लागि व्यवस्थित गर्न एउटै ब्रान्ड बनाइने छ,' उनले भने, 'एउटै ब्रान्ड बनाउँदा ग्याँसको कालोबजारी क्रमिक रूपमा नियन्त्रण हुन्छ ।'

उनका अनुसार यस्ता समस्यालाई समाधान गर्न छिमेकी मुलुकबाट पाठ सिकेर हाल देशभर रहेका दर्जनौं ब्रान्डका सिलिन्डर एउटै ब्रान्ड बनाएर बिक्रीवितरण गर्ने व्यवस्था मिलाउन मन्त्रालयले तयारी थालेको हो । छिमेकी राष्ट्र भारतमा पाँचओटा मात्र कम्पनी छन् तर नेपालमा पाँच दर्जनभन्दा बढी कम्पनी छन् भने सरकारले अझै अनुमति दिन छोडेको छैन ।

मन्त्रालयका अनुसार भारतले गरेको अघोषित नाकाबन्दीका कारण एउटै ब्रान्डको सिलिन्डर नहुँदा उपभोक्ताले दुईदेखि पाँच ब्रान्डको सिलिन्डर प्रयोग गर्दै आएका र एउटा ब्रान्डको सिलिन्डर सकिँदा अर्को ब्रान्डसँग साट्न निक्कै समस्या भएकाले एउटै ब्रान्डमा सिलिन्डर ल्याउन लागिएको हो ।

डिलरले अर्को ब्रान्ड साट्न पनि उपभोक्ताबाट बढी रकम असुल गर्दै आएको छ । मन्त्री पुनका अनुसार एउटै ब्रान्ड प्रणालीमा जान आवश्यक पर्ने खाकाका बारेमा अहिले विभिन्न सरोकारवाला निकायसँगको छलफललाई तीव्रता दिइएको छ ।

बजारमा आवश्यकताभन्दा धेरै कम्पनीका सिलिन्डर हुँदा अभावका बेला धेरै सास्ती खेप्नुपरेको छ । एउटा कम्पनीको सिलिन्डर अर्को कम्पनीले नसाट्ने र साटे पनि बढी मूल्य तिर्नुपर्ने हुँदा उपभोक्ताले धेरै समस्या खेप्नुपरेको छ ।

राष्ट्रिय उपभोक्ता मञ्च नेपालका अध्यक्ष प्रेमलाल महर्जनले बजारमा ५५ ओटा ब्रान्डका ग्याँस सिलिन्डर आवश्यक नरहेको बताए । 'भारतमा पाँचओटा कम्पनीले सहज रूपमा ग्याँस वितरण गरिरहेका छन्,' उनले भने, 'ग्याँसमा हुने चलखेल रोक्न र उपभोक्तालाई सहज पार्न एउटै गुणस्तर भएको एउटै ब्रान्डको ग्याँस बनाउन अति आवश्यक छ । नेपाल आयल निगमले आर्थिक लाभका लागि आवश्यकताभन्दा धेरै उद्योग सञ्चालनका लागि अनुमति दिने गरेको छ, यसले गर्दा थप उपभोक्ताले समस्या भोग्नुपरेको छ ।' एउटै ब्रान्डको ग्याँस बनाउँदा उपभोक्तालाई सहज हुनुका साथै निगमबाट हुने आर्थिक चलखेलसमेत रोकिने उनको भनाइ छ ।

निगमका अनुसार अहिलेसम्म ८७ ओटा ग्याँस उद्योग दर्तामा रहेका छन् भने अन्य ग्याँस उद्योग दर्ताको प्रक्रियामा रहेका छन् । धेरै ब्रान्डका ग्याँस हुँदा उपभोक्ताले पुनः नयाँ सिलिन्डर खरिद गर्नुपर्ने अवस्था छ । निगले ५५ लाख ग्याँस सिलिन्डर बजारमा भएको बताए पनि उद्योगीले भने ६० देखि ६५ लाख रहेको बताएका छन् ।

# ४ फागुनदेखि भारतबाट थप ८० मेगावाट विद्युत् आयात

**भीम गौतम/काठमाडौं**

आगामी ४ फागुनदेखि भारतबाट नेपालमा थप ८० मेगावाट विद्युत् आयात गर्ने निश्चित भएको छ ।

नेपाल र भारतबिच भएको बहुचर्चित ऊर्जा व्यापार सम्झौता (पीटीए) कार्यान्वयन प्रयोजनका लागि गठित द्विपक्षीय सचिव र सह-सचिवस्तरीय बैठकले थप ८० मेगावाट विद्युत् ल्याउने सुनिश्चित गरेको ऊर्जा मन्त्रालयका सचिव सुमनप्रसाद शर्माले जानकारी दिए । नेपाल-भारतबिच भएको पीटीए कार्यान्वयनका लागि गठित सचिवस्तरीय संयुक्त स्टेरिङ कमिटी (जेएससी) र सह-सचिवस्तरीय संयुक्त वर्किङ ग्रुप (जेडब्लूजी) को काठमाडौंमा शुक्रबार सम्पन्न बैठकले सो निर्णय गरेको हो ।

'नेपाल र भारतबिच भएको द्विपक्षीय बैठक एकदम सफल भएको छ, तत्कालीन र दीर्घकालीन रूपमा विद्युत् आयात गर्न दुवै देश सहमत भएका छौं,' ऊर्जा सचिव शर्माले भने, 'थप विद्युत् दिने भारतीय प्रतिबद्धताले लोडसेडिङ न्यूनीकरणका लागि ठुलो सहयोग पुग्ने छ, ८० मेगावाट विद्युत् ४ फागुनदेखि आयात गर्ने सहमति भएको छ ।'

ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइनमार्फत ढल्केबर सब स्टेसन नबनेकाले अस्थायी रूपमा २२०/१३२ केभीको ट्रान्सफर्मर चार्ज गरेर तिन साताभित्र ८० मेगावाट तथा आगामी हिउँदअघि नै २ सय २० केभीको सब स्टेसन बनाएर २ सय मेगावाटसम्म विद्युत् दिन भारत तयार भएको छ । बैठकमा अन्तरदेशीय प्रसारण लाइन पूर्ण क्षमतामा सञ्चालन गरी सन् २०१७ को डिसेम्बरदेखि आयात बढाउने लक्ष्य राखेको छ । २ सय २० केभीको ढल्केबर सब स्टेसन बनेपछि २ सय मेगावाटसम्म ल्याउन सकिने र त्यसको क्षमता बढाएर ४ सय केभी बनाइ आगामी दुई वर्षभित्र ६ देखि ८ सय मेगावाटसम्म विद्युत् आयात गर्ने लक्ष्य राखिएको छ ।

**दुई घन्टा लोडसेडिङ घट्ने**

**दुई वर्षभित्र ८ सय मेगावाटसम्म विद्युत् दिन भारत तयार**

**तिन महिनाभित्रै अन्तरदेशीय प्रसारण लाइन गुरुयोजना**

अन्तरदेशीय प्रसारण लाइन निर्माण सम्पन्न गरेर गत नोभेम्बर १ देखि ८० मेगावाट विद्युत् भारतबाट थप आयात गर्ने लक्ष्य राखिए पनि सम्पन्न भएन । यही जनवरीभित्र सम्पन्न गर्ने लक्ष्य प्राधिकरणको छ । हाल २ सय ३५ मेगावाट विद्युत् नेपाल विद्युत् प्राधिकरणले भारतबाट आयात गरिरहेको छ ।

त्यसैगरी बैठकमा भारतको अनुदान सहयोगमा निर्माणाधीन १ सय ३२ केभीको कटैया-कुसाहा र रक्सौल पर्वानीपुर प्रसारण लाइन २०१६ को सेक्टेम्बरभित्र सम्पन्न गरेरेर थप थप १ सय मेगावाट विद्युत् नेपाललाई दिन पनि दुवै पक्ष सहमत भएका छन् ।

बैठकमा अन्तरदेशीय प्रसारण लाइनको गुरुयोजनाको निर्माण अन्तिम चरणमा पुगेको र आगामी तिन महिनाभित्र संयुक्त प्राविधिक समूहले प्रतिवेदन दिने भएकाले गुरुयोजनाको आधारमा आगामी बैठकमा छलफल गर्ने तय भएको छ । गुरुयोजनाले थप ६ अन्तरदेशीय प्रसारण लाइनको पहिचान गरेको छ ।

दुई देशका निजी प्रवर्द्धकद्वारा उत्पादित बिजुली एकअर्का देशमा प्रत्यक्ष व्यापारबारे बैठकमा छलफल भएकामा भारतले छिमेकी राष्ट्रहरूसँग विद्युत् व्यापारका लागि आगामी ६ देखि ८ महिनाभित्र नीतिगत व्यवस्था गर्न लागेकाले त्यसपछि थप छलफल गरेर अघि बढ्ने सहमति पनि भएको छ । बैठकमा भारतीय कम्पनीद्वारा निर्माणाधीन अरुण तेस्रो जलविद्युत् आयोजनाको निर्माणको क्रममा वन र वातावरणको स्वीकृतिमा ढिलाइ भएकाबारे समेत छलफल भएको थियो । सोक्रममा नेपालका अधिकारीले छिटो स्वीकृतिका लागि पहल गरिदिने बताएका थिए ।

(बाँकी पृष्ठ ३ मा)




# रक्सौल नाकाबाट भित्रिन थाले मालवाहक सवारी

**तुलसी भण्डारी/वीरगन्ज**

धर्नाकारीको उपस्थिति पातलिएर आन्दोलनको शक्ति क्षीण बन्दै गएपछि साढे चार महिना लामो वीरगन्ज-रक्सौल बन्द नाकाबाट शुक्रबार पाँचओटा मालवाहक सवारी नेपाल भित्रिएका छन् । गत ७ असोजपछि मालवाहक सवारीले रक्सौलबाट सिधै वीरगन्ज प्रवेश गरेको यो पहिलो पटक हो ।

पछिल्लो समय धर्नाकारीको उपस्थिति पातलिएर नाकाको धर्नास्थलमा आन्दोलनकारी दलका नेता कार्यकर्ताको पनि न्यून उपस्थिति भएको मौकामा शुक्रबार वीरगन्ज-रक्सौल नाकाबाट ती मालवाहक सवारी नेपाल भित्रिएका हुन् । व्यापारी, व्यवसायीले दसगजा क्षेत्रमा आन्दोलनकारीले राखेको बाँसको ढाट पन्छाएर बिहान करिब ८ बजे सामान भरिएका पाँचओटा ट्रक वीरगन्ज प्रवेश गराएको धर्नास्थलमा बसेका पर्सा रामनगरीका विक्रम साहले बताए । 'त्यतिखेर धर्नामा दुई/चारजना मात्र थियौं, कारोबारीको संख्या ठुलो भएकाले हामीले चाहेर पनि केही गर्न सकेनौं, चुप लागेर हेरिरह्यौं, त्योभन्दा अर्को हामीसँग विकल्प पनि थिएन,' साहले भने ।

वीरगन्जतर्फबाट पनि एनएल ०१ डी ६८०८, एनएल ०१ डी ६८३८ र एनएल ०१ डी ६८११ नम्बरका तिनओटा भारतीय नम्बरका खाली ट्रक र चार/पाँचओटा जिप, ठेलागाडीलगायत सोही नाकाबाट आवतजावत गरेको पनि प्रत्यक्षदर्शीले बताए ।

(बाँकी पृष्ठ ३ मा)




# भूकम्पपछि संघसंस्थाले सके १० अर्ब

## पीडितको अवस्था उस्तै, अनुगमन गर्ने निकाय नै भएन

**दिनेश थापा/सिन्धुपाल्चोक**

भूकम्पपछि जिल्लामा गैरसरकारी संघसंस्थाहरूले पीडितको नाममा कति रकम भित्र्याए होला अनुमान लगाउन सक्नुहुन्छ ? दिनहुँ गाडीमा ओहोरदोहोर गरिरहेका हुन्छन्, संघसंस्थाका प्रतिनिधि । सबैको काम एउटै र उस्तै छ अनि व्यस्तता हेर्दा लाग्छ यो नौ महिनामा जिल्लामा भित्रिएको बजेट र कर्मचारीको संख्या अनि व्यस्तता हेर्दा भूकम्पले उजाड बस्ती पुनर्निर्माण हुन धेरै समय नै लाग्दैन । सुरुसुरुमा सबै जिल्लावासीले यस्तै सोचेका थिए । तर, भूकम्प गएको नौ महिना हुँदासम्म पनि जिल्लाका भूकम्पपीडितको अवस्थामा केही सुधार हुन सकेको छैन । उही जस्ताको टहरो, अझ कतै त पालमुनि नै बास ।

विश्व खाद्य कार्यक्रमले भूकम्पपीडितका नाममा आएको चामल नष्ट गरेको खबर सुनेका इर्खु र पीपलडाँडाका पीडित भन्दै थिए, 'बरु हामीलाई दिएको भए पनि हुने थियो, किन गाडेको होला ?' भूकम्पपछिको यो नौ महिनाको अवधिमा विभिन्न गैरसरकारी संघसंस्थाले जिल्लामा १० अर्ब रुपैयाँभन्दा बढी रकम सकिसकेका छन् ।



भूकम्पपछि आकस्मिक उद्धार तथा राहतका लागि जिल्लामा धेरै संघसंस्था भित्रिए । आकस्मिक उद्धार तथा राहतका लागि जिल्ला भित्रिएका १ सय संघसंस्थामध्ये ६५ संघसंस्था फर्किइसकेका छन् भने ३५ संघसंस्थाले काम गरिरहेका छन् । उनीहरूले हालसम्म पीडित तथा प्रभावितका नाममा कति रकम खर्चिए भन्ने कुरा गुपचुप नै छ ।

भूकम्पको नौ महिना बितिसक्दा पनि पीडितका नाममा संघसंस्थाले कति रकम खर्च गरे कुनै तथ्यांक छैन । आकस्मिक चरणमा निश्चित समयावधिका कार्यक्रम लिएर जिल्लामा आएका ६५ संघसंस्थाले जिल्ला दैवी प्रकोप उद्धार समितिलाई कार्य सम्पन्न भएको रिपोर्ट बुझाएर फर्किसकेका छन् । आकस्मिक चरणमा नै उनीहरूले ४ अर्ब रुपैयाँभन्दा बढी खर्च गरेका छन् । तर, अर्बौं रकम खर्च भइसक्दा भूकम्पपीडितको अवस्थामा देखिने गरी कुनै सुधार भने भएको छैन । संघसंस्था आए अनि पीडितका नाममा अर्बौं खर्चिएर गए तर पीडितको अवस्था अझै उस्तै छ ।

राहतको काम गरी फर्किसकेका र कार्यरत संघसंस्थाले गरी भूकम्पपीडितका नाममा १० अर्बभन्दा बढी खर्च गरिसकेको अनुमान मात्र लगाइएको छ । तर, वास्तविक खर्च विवरण भने अझै गुपचुप नै छ । हालसम्म सिन्धुपाल्चोकमा गैरसरकारी संघसंस्थाले कति खर्च गरे जिल्ला दैवी प्रकोप उद्धार समितिलाई पत्तो छैन । 'इमर्जेन्सी फेजमा ४ अर्ब खर्च भएको देखिन्छ, हालसम्म जम्मा कति खर्च भयो विवरण तयार भइसकेको छैन,' भूकम्पपछि संघसंस्थासँग समन्वयको काम गर्दै आएका जिल्ला विकास समितिका आलेप अधिकृत अनिरुद्र नेपाल भन्छन्, 'डाटा तयार छैन, संघसंस्थासँग माग गरिएको छ ।'

(बाँकी पृष्ठ ३ मा)

## छोटकरी

### चौतारीमा कोकिला

**इलाम/रास-** प्रेस चौतारी इलामको बिहीबार सम्पन्न आठौं जिल्ला अधिवेशनले कोकिला ढकालको अध्यक्षतामा नयाँ कार्य समिति सर्वसम्मत चयन गरेको छ। समितिको उपाध्यक्षमा गणेश अर्याल, सचिवमा ख्याम भुजेल, उपसचिवमा विष्णु भट्टराई र कोषाध्यक्षमा कौशिला राई चयन भउका छन्।

समिति सदस्यहरूमा ठाकुर श्रेष्ठ, बलराम बराइली, सन्तोष नेम्वाङ, सुष्मा श्रेष्ठ, भगीरथ भण्डारी र गोपाल दाहाल चयन भएका छन्। अधिवेशन प्रेस चौतारीका केन्द्रीय अध्यक्ष राजेन्द्र अर्यालले उद्घाटन गरेका थिए। राजु शिवाको अध्यक्षतामा भएको अधिवेशनमा उपाध्यक्ष गणेश अर्यालले चौतारीको सांगठनिक तथा आर्थिक प्रतिवेदन पेस गरे। उद्घाटन कार्यक्रममा अखिल नेपाल शिक्षक संगठनका अध्यक्ष गोपाल नेपाल, गैरसरकारी संस्था महासंघका कोषाध्यक्ष कृष्ण श्रेष्ठ, नेपाल पत्रकार महासंघका पूर्वाञ्चल संयोजक गणेश पोखेल, नेकपा एमालेका जिल्ला सचिव महेश बस्नेत, प्रमुख जिल्ला अधिकारी विष्णु कार्की, चौतारीका केन्द्रीय महासचिव माधव नेपाल, उपाध्यक्ष, कुशलबाबु बस्नेतलगायतले मन्तव्य राखेका थिए। कार्यक्रममा चौतारीका केन्द्रीय सल्लाहकार गणेश बस्नेतलगायतको सहभागिता थियो।

### आज राष्ट्रपति हेटौंडा आउने

**हेटौंडा/रास-** हेटौंडामा रहेको पर्यटकीय स्थल सहिदस्मारकमा निर्माण गरिएको सहिदस्तम्भको अनावरण गर्न शनिबार राष्ट्रपति विद्यादेवी भण्डारी हेटौंडा आउने कार्यक्रम रहेको छ। सहिदस्तम्भसहितका संरचनाको अनावरण गर्न राष्ट्रपति भण्डारी हेटौंडा आउन लागेकी हुन्।

राष्ट्रपति भण्डारी आउने भएपछि स्मारक क्षेत्रको सुरक्षा व्यवस्था कडा पारिएको छ। स्मारक क्षेत्रमा तीन दिनअघिबाट प्रहरी खटाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ। सहिद दिवसमा स्मारकमा निर्माण गरिए स्तम्भ अनावरणसहित सहिद गेट, झोलुङ्गे पुल र सहिद ग्यालरीको उद्घाटन गर्ने कार्यक्रम रहेको सहिदस्मारक समितिका अध्यक्ष डोरमणि पौडेलले जानकारी दिए। कार्यक्रममा उपप्रधान तथा स्थानीय विकासमन्त्री कमल थापा र पर्यटनमन्त्री आनन्द पोखरेल आउने कार्यक्रम रहेको उनले बताए।

# रेड पान्डाको छालासहित दुई पक्राउ

**सुरेश पन्त/महेन्द्रनगर**

नेपाल प्रहरीको क्षेत्रीय अनुसन्धान समूह (आरआईटी) सुदूरपश्चिमले दुर्लभ वन्यजन्तु हाब्रे (रेड पान्डा) को छालासहित दुईजनालाई पक्राउ गरेको छ।

प्रहरी नायब निरीक्षक वीरेन्द्र जोहारीको नेतृत्वमा खटिएको आरआईटीले बाँकेको कोहलपुरबाट शुक्रबार दुईजनालाई रेड पान्डाको छालासहित पक्राउ गरेको हो। कोहलपुर नगरपालिका-९ का २३ वर्षीय लक्ष्मणबहादुर शाही र भैरव भनिने १९ वर्षीय भइराज बमलाई कोहलपुरको बसपार्क रोडबाट रेड पान्डाको छालासहित पक्राउ गरेको जोहारीले जानकारी दिए। उनका अनुसार पक्राउ परेकामध्ये भैरवले बोकेको झोलामा ३१ इन्च लामो अति दुर्लभ संरक्षित रेड पान्डाको एक थान छाला फेला परेको छ।



प्रहरी नायब निरीक्षक जोहारीले पैदल हिँडिरहेका दुवैजनालाई शंका लागेर खानतलासी गर्दा रेड पान्डाको छाला फेला परेको बताए।

'रेड पान्डाको छालाको कारोबार हुन गइरहेको सुइँको पाएका थियौं,' उनले भने, 'शंका लागेर खानतलासी गर्दा छाला भेटियो।' पक्राउ परेका दुवैजनालाई आवश्यक कारबाहीका लागि जिल्ला वन कार्यालय बाँकेको जिम्मा लगाइएको आरआईटीले जनाएको छ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु ऐन २०२९ को अनुसूची १ मा रेड पान्डालाई संवेदनशील सूचीमा राखिएको छ।

# देउवा पक्षले पाएन सभापतिको प्रत्यासी

**नेपालगन्ज/रास-** नेपाली कांग्रेसको १३औं महाधिवेशनका लागि पहिलो चरणमा गाउँ-नगर बुथ इकाईको निर्वाचन बाँकेमा सुरु भएको छ। कांग्रेस सभापति सुशील कोइरालाको गृह जिल्ला भएकाले पनि बाँके कांग्रेसको गाउँ वडा तहदेखि जिल्ला नेतृत्वका बारेमा सबैतिर चासोको विषय बनेको छ।

केन्द्रीय निर्वाचन अधिकृत रोहित बाँस्तोलाले दिएको जानकारीअनुसार बाँकेमा ५ हजार ३० जना क्रियाशील सदस्यहरूले निर्वाचन तथा मतदान प्रक्रियामा भाग लिन पाउनेछन्। बाँके कांग्रेसको सभापतिको दौडमा चारजना आकांक्षी मैदानमा देखिएका छन्। सभापतिको आकांक्षी चारैजना संस्थापन पक्षका हुन्। देउवा पक्षले बाँकेमा सभापतिको प्रत्यासी नै भेटेन।

बाँके सभापतिका लागि पार्टी सभापति कोइरालाकी भाइबुहारी तथा डा. अरुण कोइरालाकी पत्नी किरण कोइराला रहेकी छन्। उनका पति डा. अरुण बाँकेको पार्टी सभापति थिए। हिरमिनिया गाविसबाट क्षेत्रीय प्रतिनिधिमा निर्विरोध चुनिइसकेकी छन्।

त्यसैगरी, अर्का प्रत्यासी लक्ष्मीनारायण शाह गंगापुर गाविसबाट निरञ्जन सिंह सिजापति नेपालगन्ज उप-महानगरपालिका-५ बाट क्षेत्रीय प्रतिनिधि निर्विरोध निर्वाचित भएका छन् भने अर्का आकांक्षी नारायण गौडेल कोहलपुरबाट चुनिनुपर्ने भए पनि उनको हकमा समानुपातिक उम्मेदवार भएकाले क्षेत्रीय प्रतिनिधि चुनिन नपर्ने प्रावधान रहेको छ।

शुक्रबार नेपालगन्ज उपमहानगरपालिका समितिमा प्रशान्त विष्टको सभापतित्वमा ११ सदस्यीय कार्यसमिति निर्वाचित भएको छ। केन्द्रीय निर्वाचन अधिकृत बाँस्तोलाले दिएको जानकारीअनुसार सचिवमा धमेन्द्रबहादुर सिंह कोषाध्यक्षमा ध्रुवप्रसाद दाहाल निर्विरोध निर्वाचित भएका छन्। यसैगरी, सदस्यमा धनराम बर्मा, रवीन्द्र लामिछाने, रामधन बर्मा, विजया शर्मा, मो हनिफ सिद्धिकी, भरत वैश्य, सुशील गौतम र तिलकराम बर्मा निर्विरोध निर्वाचित भएका छन्।

निर्वाचनको घोषित कार्यक्रमअनुसार शनिबार मात्र नगर र उपमहानगरका पदाधिकारीको निर्वाचन गरिने भए पनि शुक्रबार आवश्यक पदका लागि एक/एकजनाको मात्र उम्मेदवारी परेकाले उनीहरूलई निर्विरोध बनाइएको हो।

यसैगरी, कोहलपुर नगरपालिकामा राजेन्द्रकुमार श्रेष्ठ र बलराम शर्माको सभापतिमा उम्मेदवारी परेको छ। सचिवमा भूम भण्डारी र लीलबहादुर राना कोषाध्यक्षमा रेशम गिरी र गोविन्द पौडेलको उम्मेदवारी परेको छ। आठजना सदस्यका लागि १६ जनाको उम्मेदवारी परेको छ।

बाँकेमा एक उपमहानगरपालिका, एक नगरपालिका र ३४ गाविस रहेका छन्। उपमहानगरपालिकाको बुथ इकाइमा एक बुथ सभापति, सचिव, कोषाध्यक्ष र सदस्यका साथै १ महिला प्रतिनिधिसहित ४ क्षेत्रीय प्रतिनिधि निर्वाचन हुने प्रावधान रहेको छ।

त्यसैगरी, नगरपालिकामा बुथ सभापति, सचिव, कोषाध्यक्ष एक महिला प्रतिनिधि, २ क्षेत्रीय प्रतिनिधि र गाविसबाट बुथ सभापति, सचिव कोषाध्यक्ष, १ महिला, १ दलित, १ आदिवासी जनजाती, १ मधेसी, मुस्लिम, अल्पसंख्यक र पिछडिएको समेत गरी कुल १० जना क्षेत्रीय समितिका सदस्य निर्वाचित हुनेछन्।

नगर तथा उपमहानगरपालिकाका पदाधिकारीसहित आरक्षण कोटाका क्षेत्रीय सदस्यको निर्वाचन शनिबार हुने कार्यक्रम तय भएको उनले जानकारी दिए। नेपालगन्ज उपमहानगरपालिकामा १ हजार ३ सय ८८ क्रियाशील सदस्य रहेका छन्।

## टिस्टुङबाट पुनर्निर्माण सुरु

# पीडितलाई भूकम्प प्रतिरोधी आवास

**ध्रुव अधिकारी/हेटौडा**

भूकम्पपछि मकवानपुरमा पीडितलाई पहिलोपटक स्थायी आवास निर्माणको काम सुरु भएको छ। भूकम्प गएको दस महिनामा बल्ल पीडितका लागि स्थायी आवास निर्माण थालिएको हो। टिस्टुङ गाविस-६ बाट बाट स्थायी आवास निर्माणको सुरुआत गरिएको छ। गैरसरकारी संस्था टियरफन्टको सहयोगमा राडो नेपालले स्थायी आवास निर्माणको काम सुरु गरेको हो।

टिस्टुङ गाविस-६ की ७० वर्षीय एकल महिला ठुलीमाया स्याङ्तानको घर निर्माणबाट स्थायी आवासको सुरुआत गरिएको उल्लेख छ। भूकम्पले घर पूर्ण रूपमा क्षति भएपछि अस्थायी रूपमा बसोबास गर्दै आएकी स्याङ्तानको घर निर्माण थालिएको राडोका अध्यक्ष कृष्ण धितालले जानकारी दिए।

भूकम्पपीडितसँगै एकल महिलालाई लक्षित गरेर ४ लाख रुपैयाँ लागतमा स्याङ्तानको घर निर्माण हुने धितालले बताए। सरकारले भूकम्पप्रतिरोधी घर निर्माणको मापदण्ड ल्याएलगत्तै सहरी विकास तथा भवन निर्माण विभाग, जिल्ला दैवी प्रकोप उद्धार समिति र स्थानीय विपद् व्यवस्थापन समिति टिस्टुङ गाविसको समेत समन्वयमा काम सुरु गरिएको उल्लेख छ।

स्याङ्तानको दुईकोठे भूकम्पप्रतिरोधी स्थायी आवास निर्माणसँगै टिस्टुङका विपन्न ३९ परिवारका भूकम्पपीडितलाई ४ लाख रुपैयाँका दरले खर्च गरेर स्थायी आवास बनाउने तयारी गरिएको अध्यक्ष धितालले जानकारी दिए। टिस्टुङ गाविसमा मात्र राडो नेपालले टियर फन्टको सहयोगमा ३ सय ओटा भूकम्पप्रतिरोधी स्थायी आवास निर्माणको काम बिहीबारबाट सुरु गरेको उनले जानकारी दिए।

टिस्टुङसँगै आग्रामा पनि ३ सय ओटा भूकम्पप्रतिरोधी घर निर्माण गर्ने गरी काम सुरु गरिएको छ। टिस्टुङमा स्थायी आवास निर्माणको कामको सुरुआत गत वैशाख १२ गतेको भूकम्पमा घरले च्यापिएर २० घन्टापछि उद्धार गरिएकी टिस्टुङ-७ मनडाँडाकी सात वर्षीय सुबिना घलानले घर निर्माणको शिलान्यास गरेका हुन्।

स्थायी आवास निर्माणको शिलान्यास कार्यक्रम टियरफन्टमा कन्ट्री निर्देशक दाबा, एमालेका अध्यक्ष मुनु सिग्देल, एमाओवादीका अध्यक्ष प्रेमबहादुर पुलामी, जिविसका योजना अधिकृत किसान न्यौपाने, सहरी विकास तथा भवन निर्माण विभागकी इन्जिनियर प्रतिज्ञा मानन्धरलगायतको सहभागिता रहेको थियो।

टिस्टुङ गाविसका सचिव राजेन्द्र न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा टियरफन्टका आवास कार्यक्रम प्रबन्धक सुनिल पौडेल, राडोका अध्यक्ष धितालगायतले मन्तव्य व्यक्त गरेका थिए। भूकम्प गएको दस महिनामा पनि मकवानपुरमा पुनर्निर्माण प्रक्रिया सुरु हुन सकेको छैन। सरकारले पुनर्निर्माण प्राधिकरण गठन गरे पनि काम भने हुन नसकेको हो।

सरकारले भूकम्पपीडितका लागि न्यानो कपडाका लागि रकम उपलब्ध गराए पनि अझै अपुग भएको छ। जसले गर्दा पीडित चिसोमा बस्न बाध्य छन्। अझै ७ करोड अपुग करोड २२ लाख ९० हजार रुपैयाँ अपुग भएको जिविसका सामाजिक विकास अधिकृत रामकृष्ण थापाले बताए। हालसम्म मकवानपुरका उत्तरी क्षेत्रका १४ गाविसमा राहत रकम वितरण गरिएको जिविसले जनाएको छ।

# श्रीमान् हत्या गर्नेलाई जन्मकैद

**अछाम/रास-** जिल्ला अदालत अछामले कर्तव्य ज्यान मुद्दामा एक महिलालाई सर्वस्वसहित जन्मकैद फैसला सुनाएको छ। आफ्नै श्रीमान्को हत्या गरेको अभियोगमा अदालतले जिल्लाको मालतीकोट-५ कि ३५ वर्षीया धनीदेवी साउदलाई यस्तो फैसला सुनाएको हो।

जिल्ला न्यायाधीश हरिप्रसाद शर्मा उपाध्याय पंगेनीको एकल इजलासले साउदलाई हत्यामा प्रत्यक्ष संलग्न रहेको प्रमाणित गर्दै उनलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३ (१) बमोजिम कैद सजाय सुनाइएको अदालतका स्रेस्तेदार नेत्रबहादुर माझीले बताए। उनका अनुसार साउदले गत पुस २५ गते आफ्नै श्रीमान् नरबहादुर साउदलाई बन्चरो प्रहार गरी हत्या गरेकी थिइन्। दोषी ठहरिएकी साउदले आफूले योजनाबद्ध रूपमा श्रीमान्को हत्या गरेको स्वीकार गरेको अदालतले जनाएको छ। कान्छी श्रीमती ल्याएको, मदिरासेवन गरी चरम यातना दिने गरेकोलगायतका कारणले आफूले योजनाबद्ध रूपमै श्रीमान्को हत्या गरेको उनले अदालतसमक्ष बयान दिएपछि एकै दिनमा सो मुद्दा फैसला गरिएको थियो। कान्छी श्रीमती विवाह गरेर क्षेत्र नम्बर २ को विनायक बजारमा चिया पसल गर्दै आएका उनी २५ पुसको राति घरमा पुगेलगत्तै उनले श्रीमान्को हत्या गरेकी थिइन्। साउद दम्पतीका तीन छोरी र एक छोरा छन्।

### सचिवहरूको मनोमानी

**बारा/रास-** दलित परिवारका छोरा छोरीलाई दिईने समाजिक सुरक्षा भत्तामा बाराका सचिवले अनियमितता गरेका छन्।

जिल्ला बिकास समिति बाराले पुस महिनाको दोस्रो हप्ता नै जिल्लाका ६८ गाविसका लागि सो समाजिक सुरक्षा भत्ताको रकम निकासा गरेपनि कतिपय गाविसका सचिवले त्यसमा अनियमितता गर्ने गरेको खुलेको छ।

दलित समुदायका दुई छोरीछोरीहरूलाई मासिक दुई सयका दरले भत्ता सरकारले दिदै आएको व्यवस्था छ। जिल्ला बिकास समिति बाराले पनि चार महिनाका लागि एक मुष्ठ सो रकम जिल्लाको ६८ वटै गाविसका लागि निकासा गरिसकेको जिविस स्रोतले जनाएको छ।

### भूकम्पपछि...

उनका अनुसार दुई साताअघि हालसम्मको खर्च विवरण उपलब्ध गराउन भनिए पनि कुनै पनि संघसंस्थाले जिल्ला दैवी प्रकोप उद्धार समितिलाई बुझाएका छैनन्। विभिन्न ३५ विदेशी तथा स्वदेशी गैरसरकारी संस्थाहरू अझै जिल्लामा कार्यरत छन्। उनीहरूले हालसम्म कति खर्च गरे अनि कति खर्च गर्ने योजनामा छन् भन्नेमा जिल्ला दैवी प्रकोप उद्धार समिति स्वयं बेखबर छ। उनीहरूले कुन ठाउँमा के काम गरे अनि सम्झौताअनुसार काम गरे गरेनन् भन्ने कुरा अझै अन्योलमा छ। संघसंस्थाले पीडित प्रभावितका लागि सरसफाइ, सुरक्षा र जीवनवृत्तिका लागि भनेर विभिन्न कार्यक्रम गरे। तर, ती कार्यक्रममा कति खर्च भयो अनि पीडितको अवस्थामा सुधार भए नभएको अनुगमनसमेत हुन सकेको छैन। संघसंस्थाका कार्यक्रम प्रभावकारिताको अनुगमन हुन नसकेको जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत भरत आचार्य स्वीकार गर्छन्। 'अनुगमन हुनुपर्ने त हो तर भएको छैन,' उनी भन्छन्, 'अनुगमनको पाटोमा ध्यान नपुगेको साँचो हो।'

जिल्ला दैवी प्रकोप उद्धार समितिले भूकम्पको नौ महिना बितिसक्दा पनि अनुगमन एकाइ गठन गर्न सकेको छैन। अनुगमनका लागि छुट्टै एकाइ गठन गरी अनुगमनको व्यवस्था हुन नसक्दा संघसंस्था पारदर्शी हुन सकेनन्।

जिल्ला दैवी प्रकोप उद्धार समितिले संघसंस्थासँग समन्वय गर्ने जिम्मा जिल्ला विकास समितिको कार्यालयलाई दिएको छ। जिल्ला विकास समितिको कार्यालयसँग पूर्वसहमति गरेर मात्र संघसंस्थाले कार्यक्रम गर्न पाउने प्रावधान छ। पूर्वसहमति पत्रमा कार्यक्रमको बजेट उल्लेख गर्नुपर्ने भए पनि ठुला भनिएका विदेशी गैरसरकारी संघसंस्थाले बजेट उल्लेख नै नगरी कार्यक्रम गर्दा अपारदर्शी देखिएको हो।

**राहतमा सरकारी ढुकुटीको साढे २ अर्ब खर्च**

भूकम्पपछि राहतमा मात्रै झन्डै साढे २ अर्ब सरकारी खर्च भएको छ। भूकम्पमा मृत्यु भएकाका परिवारलाई किरियाखर्च र मृतक राहत, अस्थायी आवास र न्यानोका लागि राहत गरी हालसम्म सरकारले सिन्धुपाल्चोकमा २ अर्ब ४१ करोड खर्च गरेको तथ्यांक छ।

हालसम्म ३ हजार ५ सय १० मृतकलाई किरियाखर्च ४० हजारका दरले १४ करोड ४ लाख रुपैयाँ प्रदान गरिएको छ। मृतक परिवार २ हजार ७ सय ५७ लाई १ लाखका दरले २७ करोड ५७ लाख प्रदान भइसकेको छ। अस्थायी आवास निर्माणका लागि ८२ हजार ७ सय १५ परिवारले १५ हजार पाएका छन्। अस्थायी आवासमा १ अर्ब २४ करोड खर्च भइसकेको छ। टहराको रुपैयाँ न्यानोका लागि भनेर राहत प्रदान भएको छ। न्यानोका लागि ७५ हजार ५ सय घरपरिवारले १०-१० हजार रुपैयाँ राहत लिएका छन्। जसअन्तर्गत ७५ करोड खर्च भएको देखिन्छ। भूकम्पपछि तत्काल आकस्मिक राहतअन्तर्गत ६५ गाविसमा प्रतिगाविस ९ लाख र नगरपालिकामा प्रतिवडा २ लाखका दरले ६ करोड रुपैयाँ खर्च भएको थियो। राहका लागि रकम अपुग भएपछि जिल्ला दैवी प्रकोप उद्धार समितिले थप रकम निकासाका लागि गृह मन्त्रालयसँग माग गरेको छ।

### रक्सौल नाकाबाट...

लत्ताकपडा, हार्डवेयरका सामानलगायतले भरिएका ना१ख ९७३६, ना १ ख ६७२५, ना १ ख २८९४, ना २ ख २६१५ र ना २ ख ७६११ नम्बरका पाँचओटा ट्रक नेपाल भित्रिएका जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक एवं प्रवक्ता होवीन्द्र बोगटीले राजधानीलाई बताए। बन्दले आमनागरिक, व्यापारी र व्यवसायी आजित भइसकेको समयमा आन्दोलनकारी नभएको अवस्थामा व्यवसायीले आफ्नै ती गाडी नेपाल प्रवेश गराएको उनको भनाइ छ। अहिले ती मालवाहक सवारी वीरगन्ज भन्सार कार्यालयको यार्डमा राखी थप भन्सारको प्रक्रिया मिलाइँदै सम्बन्धित ठाउँमा लाने तयारी भइरहेको प्रहरी प्रवक्ता बोगटीले बताए।

मधेसका आन्दोलनकारी दलका कार्यकर्तालाई देखाएर भारतले गरेको अघोषित नाकाबन्दी यसै गर्दै अघोषित रूपमा नै हट्दै जाने स्थानीय बुद्धिजीवीको तर्क छ। सीमापारिका भारतीय नागरिकले आफ्नो व्यापार व्यवसाय पनि चौपट भएपछि पछिल्लो समय दसगजास्थित नाकामा बसेका मधेसका धर्नाकारीलाई रातिराति दर्जनौं पटक प्रतिकार गरी आफ्नो सामान नेपाल पठाएका थिए।

शुक्रबार भने पहिलेजस्तो रातिको समयमा नभएर बिहान उज्यालोमा नै वीरगन्ज भित्रिएको छ। यसमा पहिले नेपाल सामान ल्याउन लोड गरिएका सवारीलाई प्रवेश गर्न असहयोग गर्दै आएका भारतीय सुरक्षाकर्मी र रक्सौलस्थित ल्यान्ड कस्टमका अधिकारीले शुक्रबार भने वीरगन्ज नाकाबाट मालवाहक सवारी नेपाल भित्र्याउँदा कुनै असहयोग नगरेको व्यवसायीले बताए।

यता, आन्दोलनकारी स्थानीय नेताहरूले भने तस्करले आन्दोलनकारी धर्नामा कम भएको समयमा जबर्जस्ती ती गाडीहरू नेपाल प्रवेश गरेको बताए। आन्दोलनमा सक्रिय एक स्थानीय नेताले नाम उल्लेख नगर्ने सर्तमा पहिलेजस्तो भारतीय नागरिकले आफूहरूलाई आन्दोलनमा सहयोग गर्न छोडेको बताए। 'उनीहरूले सहयोग गरेनन् भने हाम्रो मात्र त केही चल्दैन,' उनले भने। सधैं नाकाबाट केही सामान पार गराएको भन्ने सुन्नासाथ सयौंको संख्यामा मानिस नाकामा जम्मा हुनेक्रम रहे पनि शुक्रबार भने त्यस्तो नदेखिएको स्थानीयको भनाइ छ। बिहान अघोषित रूपमा खुलेको वीरगन्ज-रक्सौल नाका करिब दुई घन्टापछिदेखि भने फेरि आन्दोलनकारीले अवरोध गरेका छन्।

### ४ फागुनदेखि...

प्रसारण लाइन गुरुयोजनामा आगामी २० वर्ष अर्थात् सन् २०३५ भित्र नेपाल र भारतबिच ६ अन्तरदेशीय प्रसारण लाइन निर्माण गरी २ सय ८१ जलविद्युत् आयोजनाबाट २६ हजार मेगावाट विद्युत् निर्यात गर्ने गरी सो गुरुयोजनाको मस्यौदा तयार पारिएको हो। नेपाल-भारतले संयुक्त रूपमा अघि बढाउन लागेका ठुलो १० हजार ८ सय मेगावाटको कर्णाली चिसापानी, ३ हजार ४ सय मेगावाटको सप्तकोसी बहुद्देश्यीय र ३ हजार २ सय ४० मेगावाटको पञ्चेश्वर परियोजना बाहेकलाई समेटेर यो गुरुयोजना मस्यौदा तयार पारिएको छ। यी ठुला आयोजनाका लागि छुट्टै प्रसारण लाइन बनाउनुपर्ने गुरुयोजनामा उल्लेख छ।

नेपाल-भारतबिच ४ कात्तिक २०७१ मा पीटीए भएको थियो। पीटीए भएपछि पहिलो पटक ४ मंसिर २०७१ मा नयाँ दिल्लीमा बसेको थियो भने अब तेस्रो बैठक २०१६ को जुनमा बस्नेछ।


नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
बैदेशिक रोजगार विभागको
सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त **श्री एस. ओ. एस. म्यानपावर सर्भिसेज् प्रा.लि. (इ.प.नं. ८०)** का तपसिल बमोजिमका सञ्चालक शेयरधनी **सोमलाल बाटाजू**को मृत्यु भई निजको नाममा कायम रहेको शेयर निजको श्रीमती **हेमा बाटाजू**को नाममा नामसारीको लागि निवेदन आएकोले निजको माग बमोजिम नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र सवुद प्रमाण सहित **बैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमती भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
बैदेशिक रोजगार विभागको
सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त **श्री सियरा ओभरसिज सर्भिसेज् प्रा.लि. (इ.प.नं. ५२२)** का तपसिल बमोजिमका सञ्चालक शेयरधनी **सोमलाल बाटाजू**को मृत्यु भई निजको नाममा कायम रहेको शेयर निजको श्रीमती **हेमा बाटाजू**को नाममा नामसारीको लागि निवेदन आएकोले निजको माग बमोजिम नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र सवुद प्रमाण सहित **बैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमती भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

नेपाल सरकार
सिंचाइ मन्त्रालय
सिंचाइ विभाग
मध्यमाञ्चल क्षेत्रिय सिंचाइ निर्देशनालय
सिंचाइ विकास डिभिजन
जनकपुरधाम, धनुषा

सूचि दर्ता गराउने वारे सूचना
प्रथम पटक प्रकाशित मिति २०७२/१०/१६

आ.व. २०७२/०७३ को लागी यस सिंचाइ विकास डिभिजन अन्तर्गत गर्नुपर्ने परामर्श सेवा तथा अध्ययन अनुसन्धान कार्य, उपकरण खरिद तथा सवारी साधन मर्मत संभार कार्य, स्टेशनरी तथा मसलन्द सामानहरु, छपाइ सम्बन्धी कार्य, सार्वजनिक निर्माण, मर्मत तथा सप्लाइ सम्बन्धी कार्य, फर्निचर तथा फर्निसिङ सामानहरु खरिद तथा मर्मत संभार कार्य, सूचना तथा श्रव्य दृश्य सम्बन्धी कार्य गर्नु परेकाले, सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ को प्रयोजनार्थ सूची दर्ता (Standing list) को लागि यो सूचना प्रकाशित गरिएकोमा सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस डिभिजन कार्यालयमा सूचि दर्ता गराउन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**दरखास्त सँग पेश गर्नुपर्ने कागजातहरु :-**
१. फर्म वा कम्पनीको दर्ता तथा नवीकरण प्रमाणपत्रको छायाप्रति।
२. स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि करमा दर्ता प्रमाणपत्रको प्रतिलिपि।
३. आ.व.२०७१/०७२ को कर चुक्ता प्रमाणपत्र वा आ.व.२०७०/७१ को कर चुक्ता प्रमाणपत्र।

**नोटः- कार्य प्रयोजनको लागि आ.व.२०७१/७२ को कर चुक्ता प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने छ।**
डिभिजन प्रमुख

**Interest Rate ( effective January 30, 2016)**

| Type of Loan | Interest Rate (% p.a.) |
|---|---|
| Corporate Loan | |
| Overdraft | 8.5.00-11.50% |
| Term Loan/ Bridge Gap Loan | 8.5.00-11.50% |
| Term Loan /Hire Purchase Loan | 8.5.00-11.50% |
| Other Lending | |
| Loan Against Shares | 7.00-12.00% |

Sanima Bank www.sanimabank.com
पो.ब.नं.: २०३९४, 'अलकापुरी', नक्साल, काठमाडौं फोन: +९७७-१-४४२८९७९
फ्याक्स: +९७७-१-४४२८९६९ ईमेल: sanima@sanimabank.com

# भूकम्पको पीडा बिर्साउँदै सहयोगी हातहरू







**लक्ष्मी सापकोटा**

१२ वैशाखमा गएको भूकम्पबाट घरबारविहीन भएकी सिन्धुपाल्चोक बराम्ची गाविस-९ की अस्मिता सापकोटालाई कहाँ बस्ने र के खाने भन्ने चिन्ताले सताएको छ। भूकम्पले बस्ने बाससमेत गुमेपछि जस्ताले बारेर अस्थायी टहरोमा बस्दै गएको उनको चारजनाको परिवारलाई कसरी चिसो कटाउने भन्ने चिन्ताले सताएको छ।

महिनौं दिनसम्म खुला चौरमा रात बिताएका उनको परिवारलाई सबैभन्दा पहिला लुथरन वर्ल्ड फेडेरेसन (एलडब्लूएफ) र ग्रामीण महिला सिर्जनशील परिवारको सहयोगमा राहतस्वरूप टेन्ट, जस्तापाता र खाद्यान्न उपलब्ध गराएको थियो। कृषि पेसा गर्दै आएका उनको परिवारले नियमित रूपमा भूकम्प आइरहेकाले बर्खे खेतीसमेत गर्न पाएन । सरकारी निकायभन्दा पनि पहिले विभिन्न संघ/संस्थाले आवश्यक पर्ने सामान उपलब्ध गराएर राहत मिलेको भूकम्पपीडितको भनाइ छ।

एलडब्लुएफले जीविकोपार्जनका लागि उपलब्ध गराएको ५ हजार रुपैयाँले बाख्रापालन गरेकी छिन्, अस्मिताले। जीविकोपार्जनका लागि उपलब्ध गराएको रकमले व्यवसायको गर्नका लागि सहयोग मिलेको उनी बताउँछिन्। खानको लागि विभिन्न संघ/संस्थाले खाद्यान्न उपलब्ध गराए पनि उनलाई बस्नका लागि बासको समस्या छ। चिसो समयमा जस्ताबाट रातभरि पानी चुहिने र हावाले जस्ता नै उडाएर लैजाँदा थप समस्या परेको छ, उनलाई।

सोही गाविसकी ८२ वर्षीय हीरादेवी अधिकारीलाई अस्थायी टहरामा बस्दै धेरै समस्या परेको छ। एलडब्लुएफले दिएको जस्तापाताबाट अस्थायी टहरो बनाएर बसेका छौँ, उनले भनिन्, 'जस्ताबाट पानी चुहिँदा रात कटाउनै समस्या परेको बताइन्।' घरमा भएको सामान सबै पुरिएर केही पनि निकाल्न पाइएन, उनले भनिन 'संघ/संस्थाले उपलब्ध गराएको खाद्यान्न र सरकारले दिएको १५ हजार रुपैयाँले सकिएकाले के खाने कहाँ बस्ने केही थाहा छैन।'

चिसोले बिरामी परेकाले पनि बस्नका लागि एउटा राम्रो बासको आवश्यक छ, उनलाई। उनी मात्र नभएर अधिकांश भूकम्पपीडितले यस्तै समस्या भोग्नुपरेको छ।

एलडब्लुएफ र ग्रामीण महिला सिर्जनशील परिवारको सहयोगमा बराम्ची-८का ५ सय घरधुरीलाई जीविकोपार्जनका लागि सहयोग गरेको छ। ५ सय ९ घरधुरीलाई अस्थायी आवास निर्माणका लागि जस्तापाता वितरण गरेको छ। संस्थाले १ हजार १ सयजनालाई मनोसामाजिक र ५ सय घरधुरीलाई स्वास्थ्य तथा सरसफाइ सचेतना कार्यक्रम सञ्चालन गरेको छ। भूकम्पबाट ६ जना आफन्त गुमाएका बराम्ची गाविसका स्थानीयवासी विष्णुप्रसाद घिमिरेले भूकम्पबाट घरबार गुमाएका पीडितलाई एलडब्लु एफबाट वितरण गरिएको राहतले जीविकोपार्जन गर्न सघाउ पुऱ्याउने बताए। भूकम्पबाट मानसिक समस्यामा परेका भूकम्पीडितलाई उपलब्ध गराएको मनोसामाजिक परामर्शले धेरै सहयोग पुगेको बताइन्।

भूकम्पले आमा गुमाएका तुलनाथ घिमिरेले तत्कालका लागि विभिन्न संघ/संस्थाले राहत उपलब्ध गराए पनि भूकम्पपीडितको जीवनस्तर सुधार गर्न सिँचाइ, खानेपानी र भत्केका संरचनाको पुनर्निर्माणमा सरकारले तत्काल व्यवस्था गर्नुपर्ने बताए। संस्थाले भूकम्पले पानीको मुहान सुकेपछि पानीको समस्या भोग्दै आएका बराम्ची-३ का भूकम्पपीडितलाई पाँचओटा खानेपानीको धारा निर्माण गरिएको छ। खानेपानीको मुहानसँगै कुवा सुकेपछि बराम्ची गाविसका ६, ७ र ८ वडामा खानेपानीको धेरै समस्या भएको शंखलाल तामाङको भनाइ छ। खानेपानीको अभावले सो गाविसका धेरै ठाउँमा धान रोप्ने खेतमा कोदो रोपिएको छ।

भूकम्पले कुलो लगेर खेत बाँझो रहेकाले पनि आयआर्जन गर्नका लागि सीपमूलक तालिमको आवश्यकता परेको छ, भूकम्पपीडितलाई। एलडब्लुएफले जीविकोपार्जनका लागि उपलब्ध गराएको रकमबाट धेरै भूकम्पपीडितले बाख्रापालनसँगै कुखुरापालन गरेका छन्। यसले गर्दा व्यवसाय सञ्चालन गर्न सहयोग पुगेको उनीहरूको भनाइ छ।

भूकम्पपीडितले विभिन्न संघ/संस्थाबाट खाद्यान्न, न्यानोको कपडा, त्रिपाल, जस्तापाता पाए पनि सरकारबाट १५ हजार रुपैयाँबाहेक उनले केही पाउन नसकेको गुनासो गरिन्। एलडब्लु एफबाट पाएको रकमले जीविकोपार्जनका लागि सहयोग पुगेको स्थानीय हरिशचन्द्र खड्काले जानकारी दिए।

### भूकम्पीडितलाई न्यानो कपडा

भूकम्पले घरबारविहीन भएर अस्थायी टहरामा बसिरहेका सिन्धुपाल्चोक पाङ्ग्रेटार गाविसका ६ सय ५० घरधुरीलाई क्रिस्चियन एडले जाडोका लागि न्यानो कपडा वितरण गरिएको छ। प्रतिघरपरिवालाई तिनओटा ब्ल्यांकेट, दुईओटा फोम (म्याट), एक थान चुलो र एक थान त्रिपाल वितरण गरिएको छ। पाङ्ग्रेटार-७ का खर्क माझीले चिसो मौसममा वितरण गरिएको न्यानो कपडाले धेरै राहत भएको बताए। पाँचजनाको परिवार जस्ताले छाएको टहरामा बसिरहेका छौं। उनले भने, 'दाताबाट पाएको न्यायो कपडाले जाडो कटाउन सजिलो भएको छ।' चिसोमा आवश्यक पर्ने कपडा नहुँदा जस्ताबाट चुहिने शीतले धेरै चिसो भई बिरामीसमेत परेको उनको भनाइ छ।

सोही गाविसका गणेश तामाङलाई चिसो समयमा न्यानो कपडा पाउदा ढुंगा खोज्दा देउता मिलेजस्तो भएको छ। पुस/माघ महिनाको चिसोले धेरै समस्या परिरहेका बेला पाएको न्यानो कपडाले ठूलो सहयोग पुगेको बताए। उनी मात्र नभएर यस गाविसका अधिकांश भूकम्पपीडितहरू जाडाको सामग्री पाएकामा धेरै खुसी र हर्षित भएका छन्। सोही गाविस-७ की सजना माझीलाई ओढ्ने ओछ्याउने कपडा नहुँदा धेरै समस्या परेको थियो। रातभरि जस्ताबाट पानी चुहिएर सुत्न नपाएकाले आगो बालेर जाग्राम बस्ने गरेको उनको भनाइ छ। कठ्यांग्रिँदो जाडोमा वितरण गरिएको न्यानो कपडाले धेरै राहत मिलेको उनले बताए।

### भूकम्पपीडितलाई आवास

सिन्धुपाल्चोक-८ अन्तपुर गाविसका निमा ग्याङ्सो घर १२ वैशाखमा गएको भूकम्पले भत्किएपछि चिसो मौसममा कहाँ बस्ने भन्ने चिन्ताले सताएको थियो। जस्ताले बारेर बनाएको टहरामा बसिरहेका छन्, उनी। क्रिस्चियन एड र मानवीय सहयोग तथा नागरिक सुरक्षा विभागको सहयोगमा उनको भूकम्पीय जोखिम, न्यूनीकरण प्रविधिसहितको अस्थायी आवास निर्माणको काम सुरु भइरहेको छ। चिसो समयमा जस्ताको टहरोमा बसिरहेका उनलाई कतिबेला घर तयार होला र बस्न पाइएला भन्ने भएको छ। जस्तापाता सहयोगबाट प्राप्त भए पनि घर निर्माण गर्ने कामदार र काठका लागि उनको ४० हजार रुपैयाँ खर्च भइसकेको छ। सोही गाविसकी देउकुमारी शाक्य अस्थायी आवास बनेपछि धेरै खुसी छन्। भूकम्पले घर भत्किएर पालमुनि बसिरहेका थियौं, उनले भनिन्, 'खान त काम गरेरै भए पनि खाने थियौं, बस्नलाई धेरै समस्या थियो।' जस्ताले छाएर बनाएको अस्थायी आवासले हामीलाई बस्नलाई धेरै सजिलो हुने उनको भनाइ छ।

दाताको सहयोगबाट आवास निर्माण भएपछि उनी धेरै हर्षित छन्। घर निर्माण गर्नका लागि २ बन्डल जस्तापाता, चुली मार्ने प्लेनजस्ता-२ ओटा चार इञ्च किला ३ किलो, २ इन्च किला ३ केजी, ३ इन्च छाताकिला र बाससहित १ सय प्याकेट, औजारमा हम्बर, साबेल, पिक र पिलास वितरण गरिएको थियो। सोही गाविसमा १ सय १३ घरधुरीलाई अस्थायी आवास निर्माण गर्नका लागि आर्थिक सहयोगका साथै नमुना आवास तथा प्रविधिसम्बन्धी घरधुरीस्तरको अभिमुखीकरण कार्यक्रमका साथै गाउँका मुख्य सिकर्मी तथा डकर्मीहरूलाई भूकम्पबाट सुरक्षित प्रविधिसहितको आवास निर्माण तालिम उपलब्ध गराइएको छ। सोही गाविसमा सुरक्षित शौचालय निर्माण सहयोग, क्षतिग्रस्त खानेपानी आयोजना मर्मत, खानेपानी गुणस्तर परीक्षण, सामाजिक सचेतना कार्यक्रम, खानेपानी उपभोक्ता समिति निर्माण तथा परिचालन र सरसफाइसम्बन्धी जानकारीमूलक तथा चेतनामूलक सामग्री वितरण गरेको छ।

### विद्यार्थीको मानसिक समस्यामा सुधार

भूकम्पका कारण मानसिक रूपमा विचलनमा परेका दोलखाको सुरी गाविसस्थित हलेश्वरी उच्च माध्यमिक विद्यालयका विद्यार्थी आफैं अध्ययन गर्ने स्कुल भत्किएपछि मानसिक रूपमा थप पीडित बनेका थिए। मनो सामाजिक अधिकृत इन्दु गौतमले भूकम्पका कारण विचलनमा परेका विद्यार्थीमा कम्पन, अचेत हुने र कराउनेजस्ता समस्या देखा परेको बताइन्। उनका अनुसार उनीहरूलाई परामर्श सेवा उपलब्ध गराएपछि अहिले ठीक अवस्थामा आएका छन्।

हलेश्वरी उच्च माध्यमिक विद्यालयका शिक्षक स्वयं खड्काले भने, 'भूकम्पले छिनछिनमा मुर्छा पर्ने, अचेत हुने र कराउने समस्या परेका विद्यार्थीलाई मनोसामाजिक परामर्शले अहिले विद्यार्थीलाई धेरै सुधार आएको छ।'

### भूकम्पपीडितलाई खानेपानी सुविधा

भूकम्पले मुहान पुरेपछि लामो समयसम्म दूषित पानी उपभोग गर्न बाध्य सुरी गाविसका उपभोक्तालाई न्याङलुङ खानेपानी योजना सुरु भएपछि स्वच्छ खानेपानीको सुविधा भएको हो। एलडब्लुएफ र मानव अधिकार सचेतन तथा विकास केन्द्र (हुराडेक) नेपालको आर्थिक सहयोगमा दोलखाको सुरी गाविसमा खानेपानीका लागि धारा निर्माण गरेपछि भूकम्पपीडितले स्वच्छ पानी उपभोग गर्न पाएका हुन्।

सो गाविसका ३८ घरधुरीलाई ६ सय मिटरमाथि रहेको मुहानबाट पानी ल्याई ६ ओटा धारा जडान गरेपछि सहज भएको हो। खानेपानी उपभोक्ता समितिका अध्यक्ष अर्जुन ओलीले धारा जडान गरेपछि खानेपानीका लागि धेरै सहयोग भएको बताए। भूकम्पले मुहान पुरेपछि लामो समयसम्म खोलाको दूषित पानी उपभोग गर्नुपरेको थियो, उनले भने, 'विभिन्न संघ/संस्थानको सहयोग र स्थानीयको श्रमदानमा धारा निर्माण भएपछि धेरै सजिलो भएको छ।' पानी सञ्चय गर्नका लागि १० र ३ घनमिटरका दुईओटा टयांकी निर्माण गरिएको छ। स्थानीय नवज्योति निम्न माध्यमिक विद्यालयका प्राध्यापक डिल्लीध्वज बस्नेतले गाउँमा धारा निर्माण हुँदा स्थानीयवासीलाई शुद्ध पानी उभोग गर्न पाइएको बताए। खानेपानीको लागि धारा निर्माण गरेपछि स्कुलमा अध्ययनरत विद्यार्थीलाई समेत सहज पुगेको उनले जानकारी दिए। आँगनमै पानीको धारा निर्माण भएपछि ३८ घरधुरीलाई धेरै सहज भएको उनले जानकारी दिए। गाविसमा धारा जडान भएपछि स्थानीयवासी हर्षित भएका छन्।

सुरी-८ की कुमारी विकले भूकम्पले पानीको मुहान पुरेपछि एक घन्टा लगाएर खोलामा पानी लिन जाँदा धेरै कठिन हुने गरेको बताइन्। खोलाको दूषित पानी उपभोग गर्दा झाडापखाला र टाइफाइटजस्ता अन्य रोगहरू देखापरेका थिए, उनले भनिन्, 'अहिले गाउँमा धारा जडान भएपछि शुद्ध पानी उपभोग गर्न पाएकामा धेरै खुसी छौं।' दूषित पानी उपभोग गर्दा स्वास्थ्यमा प्रतिकूल असर पर्ने गरेको स्थानीयवासीको भनाइ छ। वैशाख १२, लामो समयसम्म दूषित पानी उपभोग गरेका भूकम्पपीडितलाई अहिले घरअगाडि नै धारा जडान गरिएपछि सहज मिलेको छ। एलडब्लु एफ र स्थानीयको श्रमदानमा ५ लाख ४० हजार ३ सय ४ रुपैयाँ लागतमा धारा जडान गरिएको छ। भूकम्पले दोलखा जिल्लाका धेरै गाविसमा पानीको मुहान पुरिएपछि खानेपानीको अभाव भएको थियो।

# ऐतिहासिक नेपालगन्ज सहर निर्माणको क्षण

**युवराज क्षेत्री**

तराई क्षेत्रमा सबैभन्दा पहिले बसालिएको सहर विराटनगर हो। पश्चिम नेपालको सवालमा भने नेपालगन्जलाई लिन सकिन्छ। अंग्रेजसँगको युद्धमा पराजित भएपछि नेपालले आफ्नो मानचित्रबाट तराई क्षेत्रको अधिकांश भूमि गुमाएको थियो। जंगबहादुर राणा श्री ३ महाराज भएपछि भारतको लखनउमा अंग्रेजविरुद्ध उठेको विद्रोह (सन् १८५७) दबाउन विशेष सहयोग गरेबापत अंग्रेजहरूले सन् १८६० मा यी क्षेत्र पुनः नेपाललाई फिर्ता दिएको हो। नेपाली भूभागमा मिसिएका बाँके, बर्दिया, कैलाली र कञ्चनपुरलाई आज नयाँ मुलुक भनेर पनि चिनिन्छ। भारतको गन्जबाट प्रभावित जंगबहादुर राणाले यी क्षेत्रमध्ये सबैभन्दा पहिले बाँके जिल्लामा पनि एउटा गन्ज नामक नगर बसाल्ने परिकल्पना गरेका थिए। नगर बसाउन सुब्बा पदमनाभ जोशीलाई त्यस क्षेत्रमा पठाए। सन् १८६२ देखि सहर निर्माण प्रारम्भ गरिएकोमा झन्डै २२ वर्षपछि अर्थात् सन् १८८४ मा सहर निर्माण पूरा भएको थियो।

त्रिभुवन चोकलाई आधार मानेर चार दिशामा विस्तारित यस नगरमा त्यतिबेला ३६५ कोठी निर्माण गरिएको थियो। त्यतिबेला फराकिला सडक सहितको व्यवस्थित सहर बनेको थियो। लखनउको हुसेनगन्ज, वजीरगन्ज आदिबाट प्रभावित भएका जंगबहादुरले नेपालगन्ज नामकरण गरे र नेपालगन्ज पश्चिम नेपालको पहिलो सहर बन्यो। नेपालगन्जमा क्षेत्रीय विमानस्थल, पश्चिमको वैदेशिक नाका, महत्त्वपूर्ण सरकारी कार्यालय, वित्तीय संस्था, गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको कार्यालय, पश्चिमको व्यवस्थित औद्योगिक क्षेत्र, शैक्षिक संस्था, हस्पिटल तथा सुरक्षा निकायका कारण यस नगरलाई पश्चिम नेपालको राजधानी मान्न सकिन्छ। सम्पूर्ण धर्मावलम्बी हिन्दु, मुस्लिम, सिख, इसाईहरूको सद्भाव एकता आफैंमा अनुपम छ। आज नेपालगन्जमा ठुलाठुला सुविधा सम्पन्न होटलहरू खुलिसकेका छन्। जमुनाहदेखि कोहलपुर २२ किलोमिटरको दुरीमध्ये कोहलपुर-राँझा खण्ड झन्डै ११.८ किमि फोरलेन सडक बनिसकेको छ। बाँकी राँझा-जमुनाह खण्डमा पनि धमाधम निर्माण कार्य जारी छ।

नयाँ नेपालको परिकल्पना सँगै नेपालगन्जमा तीव्र गतिमा भइरहेको निर्माण कार्यमा कालिका कन्स्ट्रक्सन प्रालिले पछिल्लो समयमा काम गर्ने अवसर प्राप्त गऱ्यो। राष्ट्रिय गौरवको सिक्टा सिँचाइ आयोजना र कोहलपुर-राँझा चारलेन सडक निर्माण गर्ने क्रममा अधिकांश समय नेपालगन्जमा बिताउने अवसर मिल्यो। यस अवधिमा यहाँ वर्षायाममा अलिकति पानी पर्नेबित्तिकै भित्री सडकहरू जलमग्न हुने, न्युरोड, फुलटेक्रा, सल्यानी बगिया, बसपार्कलगायत कतिपय क्षेत्रमा बाढीकै प्रकोप देखियो, आवतजावत ठप्प बन्यो। झन्डै डेढ शताब्दी इतिहास बोकेको यस नगरमा व्यवस्थित ढलको कुनै व्यवस्था छैन, जसले गर्दा नेपालगन्जले विगतमा पटकपटक डुबान समस्या झेल्दै आएको छ। सामान्यतया नेपालका व्यवस्थित नगरहरू नदी किनारामा जोडिएका छन्। तर, अपवाद नेपालगन्जको नजिक कुनै नदी र खोलानाला छैन। यो भूभाग केही होचो छ। वरपर ठुलो वर्षात् हुनेबित्तिकै त्यो नगरतिर बग्न थाल्छ। भएका नालीहरू साँघुरा छन्, नगर क्षेत्रमा संकलित पानीको निकास छैन। नेपालगन्जको ऐतिहासिक महत्त्वलाई मध्यनजर गरेर यस सहरले कमाएको ख्याति र गौरवलाई पुनःस्थापित गर्न नगर क्षेत्रमा बृहत् तथा प्राविधिक दृष्टिकोणले वैज्ञानिक व्यवस्थित ड्रेन निर्माणको टड्कारो आवश्यकता थियो। ढिलै भए पनि नेपालगन्जले त्यो अवसर पाएको छ।

एसियाली विकास बैंकको ऋण सहयोगमा तराई क्षेत्रका सहर विराटनगर, वीरगन्ज, भैरहवा र



नेपालगन्ज व्यवस्थित ढल तथा ड्रेनलगायत सडक निर्माणका लागि अन्तर्राष्ट्रिय बोलपत्र आह्वान भएअनुसार तिन आयोजना विराटनगर, वीरगन्ज र नेपालगन्जको निर्माण कार्य कालिका कन्स्ट्रक्सनको जिम्मामा आएको छ। नेपालगन्ज नगर क्षेत्रलाई व्यवस्थित गर्न बाटो तथा वर्षातको पानी निकासका लागि व्यवस्थित नाला निर्माण गर्नु यो आयोजनाको मुख्य उद्देश्य हो। जसअन्तर्गत पुराना नालालाई सफाइ तथा मर्मत गर्ने, साना काम नलाग्ने नालालाई ठुलो पार्ने र पानीको निकासै नभएको ठाउँमा निकासका लागि नयाँ नाला निर्माण गर्ने काम यस आयोजनाको छ।

यो योजना १८ डिसेम्बर २०१५ देखि सुरु भई ६ जनवरी २०१७ मा समाप्त हुनेछ। यस आयोजनाबाट नगर क्षेत्रको ९७.१७ किमि नालामध्ये ६०.१४ किमि नाला निर्माणको कार्य हुनेछ। नालालाई ५ किसिममा विभाजन गरिएको छ। जसअन्तर्गत नेचुरल वाट्र कोर्स-२ ओटा, प्राइमरी ड्रेन-९ ओटा), सेकेन्डरी ड्रेन-१७ ओटा र टर्सरी ड्रेन-१५ ओटा र रोड साइड ड्रेन-१२ ओटा रहेका छन्। जसलाई सेक्सनका आधारमा वर्गीकरण गर्दा रेक्टेंगुलर ब्रिक सेक्सन, ट्रपेजोइडल अर्थन सेक्सन, ट्रपेजोइडल कंक्रिट सेक्सन, ट्रपेजोइडल स्टोन पिचिङ र रेक्टेंगुलर पीसीसी लाइनिङ, रेक्टेंगुलर स्टोन मेसनरी गरी ६ किसिमका हुनेछन्। बाटोको सम्बन्धमा बढीमा आठ मिटर चौडाइसम्मका करिब आठ किमि लम्बाइको कालोपत्रे सडक निर्माण हुनेछ। पानीको निकासका लागि नगर क्षेत्रका विभिन्न २८ ओटा क्याचमेन्ट क्षेत्रबाट जम्मा भएको पानीलाई पूर्वतर्फ डुंडवा नाला, पश्चिमतर्फबाट दोन्द्रा नाला, दक्षिण पूर्वतर्फ रतैया नाला र उत्तर पश्चिमतर्फ अमिलिया नालामा लगि निकास दिइनेछ। नाला निर्माणसँगै यस परियोजनाबाट नगरका विभिन्न ठाउँमा ६ ओटा स्लाब कलभर्ट आवश्यकताअनुसार ह्युम पाइप कल्भर्ट र मुख्य बजार क्षेत्रका नालामा ड्रेन कभर बनाउने काम हुनेछ। यस आयोजनाको उद्देश्यलाई मध्यनजर गरी उल्लिखित चार ओटा आउटलेट यसै वर्षात्अगावै सम्पन्न गर्ने लक्ष्य छ। श्रावण मसान्तभित्र अमिलिया र डुढुवा आउटलेट सम्पन्न भइसकेको छ। दोन्द्रा र अमिलिया आउटलेट पनि वर्षात्अगावै अधिकांश सम्पन्न भइसकेको छ।

संविधानसभाबाट नयाँ संविधान जारी हुँदै गर्दा विशेष गरी तराई क्षेत्र महिनौंसम्म अशान्त हुन पुग्यो। अनिश्चित बन्द र आम हडतालका कारण निर्माण कार्यलाई निरन्तरता दिन अनुकूल वातावरण सिर्जना हुन सकेन। संविधान जारी भइसकेपछि भारतीय पक्षबाट इन्धनलगायत निर्माण कार्यसँग प्रत्यक्ष जोडिएका सामग्रीको आयातलाई पूर्ण रूपले बन्द गरी दिएकाले स्वाभाविक रूपमा सबैभन्दा ठुलो मार खेप्न हामी पनि बाध्य भयौं। यावत् कारणले झन्डै दुई महिनासम्म निर्माण कार्यमा बाधा अड्चन पर्न गएकाले यस अवधिको कार्य प्रगति शून्य जस्तै भयो। यद्यपि, कालिका कन्स्ट्रक्सनले आफ्नो दक्ष जनशक्ति र उच्च प्रविधिका कारण निर्धारित समयभित्रै सम्पन्न हुने सो कार्य गुणात्मक रूपमा उच्च व्यवस्थापनको निर्देशनअनुसार अहिलेसम्मको स्थितिमा ९०% (नब्बे प्रतिशत) काम सम्पन्न भइसकेको अवस्था छ। तर, ठेक्काको समय अवधि भने ५०% (पचास प्रतिशत) व्यतित भएको छ।

यस वर्षको वर्षात्मा नेपालगन्जको कुनै पनि भूभागमा निर्माण भइसकेका आउटलेटका कारण जलमग्न र हिलाम्य भएन। नयाँ नेपालको संघीय संरचनामा नेपालगन्ज सहरलाई आधुनिक र व्यवस्थित बनाउने राष्ट्रिय अभिलाषा पूरा हुन यस आयोजनाले सहयोग गर्नेछ। यसको डिजाइनअनुसार विकासको पूर्वाधार निर्माण कार्य कालिका कन्स्ट्रक्सनको भए पनि यसलाई चुस्त र दुरुस्त राख्न स्थानीय स्तरमा जागरण आउनुपर्दछ। सार्वजनिक महत्त्वको विषयजस्तै पुलपुलेसा, कल्भर्ट, सतही ढल निकास, सडक, खानेपानी, बिजुली बत्ती निर्माणपश्चात् त्यसको सुरक्षा, संरक्षण तथा सरसफाइमा स्थानीय नगरवासी उपभोक्ता आआफैं जागरुक हुनु पर्दछ। जबसम्म नगरवासीले निर्मित संरचनाको सुरक्षा तथा संरक्षणमा चासो दिँदैनन्, तबसम्म जस्तोसुकै संरचना दिगो हुन सक्दैन।

नेपालगन्ज नगरपालिका उपमहानगर पालिकामा विस्तार भइसकेको अवस्थामा छ। यस आयोजना निर्धारित समयसीमाभन्दा अगावै सम्पन्न हुने निश्चित भएको छ। एडीबीको आयोजना यस क्षेत्रको विकासमा एक कोसेढुंगा साबित हुने तथा विस्तारित वडाको भौतिक पूर्वाधार संरचना निर्माणका लागि थप ३ सय करोड लगानी गर्ने नेपालगन्ज उपमहानगरपालिकाको २४औं नगरपरिषद्बाट निश्चित भएको छ। कालिकाले तीव्र गतिमा निर्माण गरेको कार्यबाट सम्पूर्ण नगरवासीको तर्फबाट धन्यवादको पात्र हुन पाउँदा साथै नगर परिषद्ले पनि कार्य प्रगतिको मूल्यांकन गरी खानेपानी तथा सरसफाइ राज्यमन्त्री दिनेशचन्द्र यादवको हातबाट कदर पत्र प्राप्त गरिएकाले यस परियोजनाप्रति थप जिम्मेवारी बोध गराएको महसुस गरेको छ।

मध्य तथा सुदूरपश्चिमका १५ भन्दा बढी जिल्लाको पायक पर्ने र झन्डै सवा सय वर्ष पुरानो इतिहास बोकेको नेपालगन्जले चार लेन सडक निर्माण र सहरभित्रका नाली र सडक व्यवस्थित भइसकेपछि मुहार फेर्ने निश्चित छ। विगतमा परम्परागत तरिकाले जसोतसो आफूलाई हाँकेको यो नगर अब आधुनिक युगमा प्रवेश गरिसकेको अवस्था छ। नेपालगन्जलाई आउँदा दिनमा मेट्रो सिटीमा रूपान्तरण गर्न अझै कैयौं परियोजनाको खाँचो छ। यसका लागि सबै तह र पक्षबाट सक्रिय सहभागिता अपरिहार्य छ। तब मात्र पश्चिम नेपालको प्रमुख सहर नेपालगन्ज साँच्चै नै नेपालगन्ज बन्नेछ।

# संस्कृत, हडताल र रामनामी हेरिसकेपछि



संस्कृत भाषा र वाङ्मयको यति थोरै ज्ञानको पूँजीको भरमा अक्सल मिषायेल्स संस्कृतको प्रोफेसर मात्र नभई "संस्कृतका मूल ग्रन्थको परिशीलन र नृजातिशास्त्रीय अन्वेषणको संयोजन अपूर्व ढङ्गले गरेको" भनी उनको गाथा गाइएको देख्दा अब डटेर संस्कृत पढ्नुको कुनै अर्थ छैन, संस्कृतको गन्ध मात्र भए पनि मजाले भजाएर खान सकिँदो रहेछ भन्ने भावना संस्कृततर्फ लहसिएका युवा विद्यार्थीको मनमा आए संस्कृतविद्या अझ ओह्रालो लाग्ला भन्ने डर मलाई लाग्छ ।

संस्कृतविद्याको साँच्चिकै उन्नति गर्ने हो भने पश्चिममा गरिने पढाइमा भएको ऐतिहासिक दृष्टिलाई आत्मसात् गरी परंपरागत ढङ्गले संस्कृतभाषा र शास्त्रको अध्ययन-अध्यापन गर्नुबाहेक अर्को विकल्प छैन । यस विषयमा ३७ वर्ष यतादेखि म लेख्दै आइरहेको छु । तर "ऊर्ध्वबाहुर्विरौम्येष न च कश्चिच्छृणोति मे" ("महाभारत" १८।५।४९) अर्थात् "हात माथि लगेर म कराइरहेछु, तर कोही पनि मेरो कुरा सुन्दैन" भने जस्तै स्थिति छ । म आफ्नो ढङ्गले कराइरहेछु, दुनियाँ आफ्नो ढङ्गले चलिरहेछ ।



डा. महेशराज पन्त

मूलधारका नेपाली मसीजीवीहरूलाई ४ वर्गमा अर्थात् 'सत्री', 'बन्दी', 'नागरक' र 'घोषवृद्ध'मा बाँड्न सकिन्छ भनी मैले लेखेको पनि २९ वर्ष भयो (ज्ञानमणि नेपाल, 'पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा', काठमाडौँ, २०४३ मा मेरो 'किन म यस पुस्तकको प्रकाशक बनें ?', २३ पृ.) । यतिका समय बितिसक्दा पनि यहाँको मूलधारको मसीजीविताको प्रकृति उस्तै छ, त्यसमा कुनै फरक आएको छैन । यसैले यी ४ वर्गभित्र परेकाहरूका लेख र इन्टर्भ्यूले हाम्रा मिडिया छ्यापछ्यापती रङ्गिएका हुन्छन्, यी ४ वर्गबाहेकका मसीजीवीहरूको चर्चा पनि मिडियामा खास आउँदैन ।

मेरो वर्गीकरणअनुसार 'नागरक'मा निकै मसीजीवी पर्छन् । त्यस्ता मसीजीवीमध्येका अभि सुवेदी (वि.सं. २००२ मा जन्म)का लेख नेपाली अङ्ग्रेजी दुवै भाषामा यहाँका नामी दैनिकमा आएको आयै हुन्छ। झण्डै ३ हप्ताअगाडि छापिएको, उनको 'संस्कृत, हडताल र रामनामी' ('कान्तिपुर' दैनिक, २०७२।९।२७।२, ७ पृ.) भन्ने लेख हेरिसकेपछि मनमा उठेका कुरामध्ये केही यहाँ लिपिबद्ध गर्दैछु।

नेपालविद्, अझ नेवारविद् भनी कहलाएका, कौटल्यको परिभाषामा 'सत्री' भन्न मिल्ने, बेलायती प्रोफेसरको निम्तामा अभि सुवेदी अहिलेभन्दा २ महीनाअगाडि अक्स्फोर्ड विश्वविद्यालय पुगेका रहेछन् । त्यसै गरी, मेवाहाङ राई जातिको विषयमा खास खोज गरेका, भियना विश्वविद्यालयका प्रोफेसरको निम्तामा उनी त्यहाँ पनि पुगेका रहेछन् । उनको त्यस लेखमा मूलतः पश्चिममा भइरहेको संस्कृतको शोधको प्रशंसा गरिएको, यूरोपमा संस्कृतको प्रोफेसर भएका २ जना नेपालीको गाथा गाइएको र नेपालमा संस्कृतशिक्षाको विद्यमान अवस्थामा चिन्ता व्यक्त गरिएको रहेछ ।

अभि सुवेदीको त्यो लेख हेर्दा उनले साढे दश वर्षभन्दा अगाडि लेखेको अर्को एउटा लेखको संझना मलाई भयो। वि.सं. २०६२ असार १२ गतेको 'नेपाल' राष्ट्रिय साप्ताहिक (४७ पृ.)मा छापिएको 'जगल्टे बुद्ध, मुडुला शिष्य र नारी' (अभि सुवेदी, 'निबन्ध र टुँडिखेल', प्रशान्ति प्रकाशन, काठमाडौँ, २०६४, १०४-१०५ मा पुनर्मुद्रित) भन्ने लेखमा 'अमेरिकाको विस्कन्सिन्, मेडिसन् विश्वविद्यालयमा अठार वर्षदेखि दक्षिण एशियाली कला पढाउने' गौतमवज्र वज्राचार्यले नेपाल र एशियाली अनुसन्धान केन्द्रमा गरेको प्रवचनको तारीफ त छ, 'विदेशीले थुकेर फालिदिएको जूठोमा जीवन नबिताउने परंपरामा' (धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल, 'इतिहास-संशोधन', ४ संख्या, २०११ मा नयराज पन्तको 'अभिनन्दन', ८ पृ.) संशोधन-मण्डलमा पढी अन्वेषण गरेका गौतमवज्र वज्राचार्य (वि.सं. १९९७ मा जन्म)को प्रथम अवतारको विषयमा भने एक शब्द पनि छैन। विषय राम्ररी नकेलाईकनै क्षणिक भावनामा बगेर लेख्ने बानी परेका मानिसका लेखका नमूना ती २ लेख हुन् भनी भन्दा फरक परोइन ।

अभि सुवेदीको त्यो लेख हेरेपछि ३ जनाले जुन दैनिकमा त्यो लेख छापिएको थियो, त्यही दैनिकमा आआफ्नो प्रतिक्रिया जनाए । ती ३ जनामध्ये २ जना त संस्कृतक्षेत्रकै हुन्। ती २ जनामध्ये १ जनाले अभि सुवेदीको भनाइको समर्थनमा लेखी पश्चिमा मुलुकमा गई संस्कृतसंबद्ध काम गर्ने अरू २ जना नेपालीको नाउँ थपे (मतिप्रसाद ढकाल, 'संस्कृतको सभ्यता ओढौं कि रामनामी ?', 'कान्तिपुर', २०७२। ९।२९।४, ६ पृ.), अर्कोले चाहिँ 'विदेशीले गरेको काम मात्र राम्रो मान्ने लेखकले स्वतन्त्र रूपमा नेपालमा नै बसेर' काम गर्ने संस्कृतका एक जना विद्वान्को कुरा लेखी उनको 'कार्यको पनि ज्ञान नराखेको देखिन्छ' भनी अभि सुवेदीको आलोचना गरे (सम्मोदवर्धन कौण्डिन्न्यायन, 'सर्वजनोपयोगी संस्कृत शिक्षा', २०७२।१०।१।६, ६ पृ.) ।

'नेपालले यति धेरै खर्च गरेर संस्कृत विश्वविद्यालय बनाउनुको के अर्थ रहयो ? यो विश्वविद्यालयले युरोपेली मुलुकका ससाना विभागहरूले गरेजस्तो बृहत्तर रूपमा संस्कृत भाषाजनित सभ्यता र ज्ञानको खोजी गर्ने, यहाँ आर्काइभ, कला, साहित्य र भाषामा योगदान हुने काम गर्नुपर्ने हो' भनी अभि सुवेदीले लेखेको कुरासँग म पूरापूर सहमत छु। तर त्रिभुवन विश्वविद्यालयबाट पनि कुन गतिलो काम भएको छ त ? भन्ने प्रश्न यहाँनिर उठाउनुपरेको छ । यस सानो लेखमा धेरै कुरा त हाल्न सकिन्न, तर मैले अहिले पल्टाइरहेको, पुराविद्यासंबन्धी एउटा पुस्तकबाट त्रिभुवन विश्वविद्यालयमा हुने खोजीको तहको नमूना दिई चित्त बुझाउनुपरेको छ।

सनातनी देवीदेवताका, काठमाडौँखाल्डोका लघुचित्रसंबन्धी त्यो पुस्तक (सावित्री मैनाली, 'हिन्डू मिनिएचर् पेन्टिङ्ज् अफ् द काठ्मान्डू भ्याल्इ', विश्वकान्त मैनाली, काठमाडौँ, २०६६) त्यहाँ कतै नलेखिए पनि पीएच्.डी.को थीसिसको प्रकाशित रूप हो । त्रिभुवन विश्वविद्यालयका ३ जना वरिष्ठ प्रोफेसरहरूले त्यस पुस्तकबारे लेखेको प्रशंसात्मक प्रस्तावनासमेत गाभिएको, त्यस पुस्तककी कर्त्री अहिले त्रिभुवन विश्वविद्यालयको नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभागको अध्यक्ष पदमा विराजमान छिन् । त्यो पुस्तक लेख्ने र त्यसको प्रशंसा गर्नेहरू ठूलठूला मान्छे भए पनि अङ्ग्रेजीमा लेखिएको त्यस पुस्तकको भाषा मात्र होइन, शैली, विषयप्रस्तुति र शोधको प्रमाणीकरण पनि कसीमा घोट्दा खरा उत्रँदैनन् भनी त्यो पुस्तक गढेर हेर्नेले नभनी बस्न सक्दैन ।

अङ्ग्रेजीमा लेखिएको पुस्तकमा अध्यायका उपशीर्षक दिने क्रममा देवता वा ग्रन्थका नाउँभन्दा बढी लेख्नुपर्दा रोमन लिपिमा, नेपाली भाषामा 'शक्तिसहित शिव, ब्रह्मा र विष्णु' (८६ पृ.), 'गणेशसहित शिवलिङ्ग र कार्तिकेय' (८७ पृ.), 'दशावतार गाता चित्र' (१०२ पृ.) यी उपशीर्षक किन अङ्ग्रेजीमा लेख्न सकिएनन् भन्ने प्रश्न सहजै उठ्छ। 'सिन्हमु' भनेको 'सिन्दूर हाल्ने भाँडा' हो भन्ने कुरा सिद्ध गर्न बढी लेख्नु आवश्यक छैन, किनकि नेवारी संस्कारमा अहिलेसम्म पनि त्यस पात्रविशेषको प्रयोग भइरहेको नै छ । तर त्यस पुस्तकमा 'सिन्हमु'को अर्थ ३ ठाउँमा 'भास् अफ् जूअल्रि' (९२ पृ.) अर्थात् 'गहना राख्ने पात्र', 'जूअल् बक्स्' (११४ पृ.) अर्थात् 'गहना राख्ने बट्टा', 'जूअल्ड् भास्' (११६ पृ.) गरिएको र अर्को एक ठाउँमा भने 'पट् अफ् भर्मिल्यन् मार्क् अर् जूअल् बक्स्' (११५ पृ.) अर्थात् 'सिन्दूर हाल्ने भाँडो वा गहना राख्ने बट्टा' भनी लेखिएको देख्दा कति हल्का ढङ्गले काम भएको रहेछ भनी भनिरहनु नपर्ला। यी त उदाहरण मात्र हुन्। त्यस्ता गल्तीको विषयमा लेख्दै जाने हो भने 'राजधानी' दैनिकको यो पूरै पृष्ठ पनि अपुग हुन्छ।



*रानीपोखरीको दक्षिण भागमा उतर फर्केको, ढुङ्गाको ठूलो हात्तीमा राजा प्रतापमल्ल र उनका दुइ छोरा चक्रवर्तेन्द्रमल्ल तथा महीपतेन्द्रमल्लको सालिक ।*

अक्स्फोर्डमा प्रोफेसरको पदमा नियुक्त हुन लागेका नेपाली संस्कृतज्ञ दिवाकर आचार्य (वि.सं. २०२६ मा जन्म)ले 'हैडलवर्ग विश्वविद्यालयको एक्सेल माइकसेल र अरू संस्कृत विद्वानका संस्कृत प्रोजेक्टहरूबारे सुनाए' भनी अभि सुवेदीले त्यस लेखमा लेखेका छन् । ती प्रोजेक्ट भनेको मैले बुझेसम्म अक्सल मिषायेल्स (वि.सं. २००६ मा जन्म)समेतको नायकत्वमा चलेको 'विश्वको संदर्भमा एशिया र यूरोप' र उनले मात्र हाँकेको 'आधुनिक कालअघिको नेपालका धर्म र कानूनको इतिहाससंबन्धी कागजात' हुन् । वि.सं. २०६२ देखि उनले हाइडल्बर्ग विश्वविद्यालयबाट 'एथ्नो-इन्डोलजि' नाउँले ग्रन्थमाला चलाएका छन् । त्यस ग्रन्थमालाअन्तर्गत १ दर्जन पुस्तक प्रकाशित भइसकेको मलाई थाहा छ । 'टेक्स्टचुअल् स्टड्इ अर्थात् मूल ग्रन्थहरूको परिशीलन र नृजातिशास्त्रीय अन्वेषणको संयोजन अपूर्व ढङ्गले गरी अन्वेषणको नयाँ युगको स्थापना गरेको' र 'अन्वेषणमा विशिष्ट उपलब्धिको मूर्त रूप, सार्वदेशिक रूपले अभिज्ञात अन्वेषक व्यक्ति' भन्दै गहकिलो पारितोषिक उनलाई यही गएको मङ्सीर १८ गते दिइएको थियो ।

मलाई थाहा भएसम्म अक्सल मिषायेल्सका कृति वि.सं. २०३५ देखि छापिन थालेका हुन् । संस्कृतभाषामा र संस्कृतवाङ्मयको कुनै शाखामा पनि उनको अधिकार नहुँदा संस्कृतविद्याको र नृजातिशास्त्रको संयोजन गरी लेखिएको भनी दाबी गरिएका कृतिलगायत उनका सबैजसो कृतिमा अशुद्धि भेट्टाउन गाह्रो छैन। १३ वर्ष यतादेखि त्यस्ता अशुद्धिको निराकरण प्रसंग आउँदा म गर्दै आइरहेको छु ('अन् अग्निदण्ड', 'आदर्श' २ संख्या, ई.सं. २००२, १५३-१५६ पृ.; 'संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्र', 'पूर्णिमा' १२२ पूर्णाङ्क, २०६३, ४८-४९ पृ.; 'यूरोपियन संस्कृत', 'राजधानी', २०६९।७।१।४, ७ पृ.; 'जर्मनीमा संस्कृत', 'राजधानी', २०७०।८।१६।१, ७ पृ.)। ४ महीना जतिअगाडि मात्र लोकार्पण भएको, उनले गरेको 'भाषावंशावली'को संपादन र उल्थामा परेका भद्दा गल्तीको विषयमा यही 'राजधानी' दैनिकमा लगत्तैजसो मैले लेखेको हुँ (' 'नेपालिकभूपवंशावली' यसो हेर्दा', २०७२।६।१५।६, ६ पृ.) ।

अक्सल मिषायेल्सले आफूलाई धर्मशास्त्रसंबन्धी शोधकर्ताको रूपमा उभ्याउन खोजे पनि उनलाई 'गोत्र'सँग संबद्ध 'प्रवर'को अर्थ नलागेको कुरा उनको लेखाइबाट छर्लङ्ग हुन्छ। कुरा के भने, एउटा शिलापत्रमा आएको 'भारद्वाजगोत्रभारद्वाजाङ्गिरसबार्हस्पत्यो त्रिप्रवरमाहाकुमारीदेवी'को अर्थ 'त्रिप्रवर महाकुमारी देवी' (अक्सल मिषायेल्स संपादक, 'अ राम टेम्प्ल् इन् १९थ्-सेन्टचुर्इ नेपाल्', फ्रन्त्स स्ताइनर फेर्लाग, स्टुट्गार्ट, ई.सं. १९९५ मा अक्सल मिषायेल्स, थोमस शाउफेल्बेर्गर र गोविन्द टण्डनको 'हिस्टरि', २९ पृ.) भनी लेखेको देख्दा 'त्रिप्रवर'लाई महाकुमारीदेवी भन्ने नाउँकै एक अंश हो भनी संझेको देखिएको छ।

अक्सल मिषायेल्सको हिन्दू धर्मसंबन्धी पुस्तक जर्मन ('देर् हिन्दुइस्मुस्ः गेशिख्ते उन्द् गेगेन्वार्त्', फेर्लाग से. हा., म्युनिख, ई.सं १९९८) अङ्ग्रेजी (बार्बरा हार्शाभद्वारा अनूदित 'हिन्डूइज्म्ः पास्ट् यान्ड् प्रेज्न्ट्', प्रिन्स्टन यूनिभर्सिटि प्रेस, प्रिन्स्टन, ई.सं. २००४) दुवै भाषामा प्रकाशित छन् । त्यस पुस्तकमा सारणीरूपमा उनले गरेको संस्कृतवाङ्मयको वर्गीकरण पनि परेको छ (जर्मन संस्करण, ७२-७३ पृ. र अङ्ग्रेजी संस्करण, ५२-५५ पृ.) । त्यो हेर्दा, संस्कृतवाङ्मयको वर्गीकरणमा उनी विहङ्गम दृष्टिले मात्र पनि विफल भएको छर्लङ्गिन्छ । कहीँ गद्य र कहीँ पद्यमा लेखिएको 'चम्पू'को अर्थ त्यस वर्गीकरणमा 'रोमान्' (जर्मन संस्करण, ७३ पृ.) वा 'नभ्अल्' (अङ्ग्रेजी संस्करण, ५५ पृ.) अर्थात् 'उपन्यास' भनी लेखेको त अहिलेको परिभाषाअनुसार नमिल्ने होइन। तर 'चम्पू'कै छाँटमा गद्यमा मात्र कथावस्तु लेखिने 'आख्यायिका' र 'कथा'ले त्यस वर्गीकरणमा कहीँ ठाउँ पाएको छैन । यो त एउटा दृष्टान्त मात्र हो, त्यस्ता कमीकमजोरी त्यस वर्गीकरणमा मात्र होइन, त्यस पुस्तकमा अन्त पनि पाइन्छन् ।

अक्सल मिषायेल्सको चलिरहेको 'आधुनिक कालअघिको नेपालका धर्म र कानूनको इतिहाससंबन्धी कागजात' भन्ने प्रोजेक्टअन्तर्गत तयार भएको एउटा लेख पोहर मात्र राष्ट्रिय अभिलेखालयको पत्रिका 'अभिलेख'मा छापिएको छ (माणिक बज्राचार्य, राजन् खतिवडा र अक्सल मिषायेल्स, '१९थ्-२०थ् सेन्टचुर्इ डक्युमन्टस् अन् एल्इफन्ट्स् फ्रम् द न्याश्अनल् आर्काइभ्ज् अफ् नेपाल्', अभिलेख, ३२ पूर्णाङ्क, ९६-१०५ पृ.)। त्यस प्रोजेक्टबाट भएका अरू काम मैले नदेखेकोले त्यस लेखलाई प्रोजेक्टमा भइरहेको कामको नमूनाको रूपमा मैले लिएको छु।

'रानीपोखरीको दक्षिण भागमा उतर फर्केको, ढुङ्गाको ठूलो हात्ती छ। सो हात्तीमा चढेका तीनवटा मानिसका सालिक छन् । ती सालिक प्रतापमल्ल र उनका दुइ छोरा चक्रवर्तेन्द्रमल्ल तथा महीपतेन्द्रमल्लका हुन् भन्ने कुरा यही अभिलेखबाट बुझिन्छ' भन्ने लेखी त्यही हात्तीमा कुँदिएको अभिलेख हामीले ५४ वर्षअगाडि छापेका थियौँ (गौतमवज्र वज्राचार्य र महेशराज पन्त, 'अभिलेख संग्रह' ३ भाग, २०१८, २६ पृ.) । तर 'अभिलेख' पत्रिकामा छापिएको, माथि चर्चित लेखमा 'दि इमेज् अफ् प्रताप मल्ल यान्ड् हिज् वाइफ् राइड्इङ् यान् एल्इफन्ट् याट् राणी पोखरी' (९६ पृ., २ टिप्पणी) अर्थात् 'प्रताप मल्ल र उनकी पत्नीले हात्ती चढिरहेको रानीपोखरीको मूर्ति' भनी लेखेको देख्दा त्यस प्रोजेक्टको तह थाहा हुन्छ। त्यो गल्ती तात्कालिक प्रमाणको हेक्का नराखी उन्नाइसौँ शताब्दीमा मात्र लेखिएको 'भाषावंशावली'को तलको वाक्यको भर पर्दा हुन गएको हो–

'प्रताप मल्ल राजाका रानीले आफ्ना कांछा लक्षणले युक्त भयाका पुत्र मर्नाले बडो शोक मान्या र राजाले रानीलाई बुझाई समुझाई रानीका बडो भावसित पुत्रको उद्धार निमित्त इन्का नाउले गरी ढेरै धन खर्च गरी यंत्राकारले तलाउ खनाई मध्येमा देवालय बनाई स्वेष्टदेवता स्थापित गरी नागफणि बसाई संपूर्ण तीथृका जल ल्याई तलाउ भराइदिया ॥ राजारानी दुबैका धुंगाका मूर्त्ति बनाई त्यो पोखरीका दक्षिणतरफ ढुंगाको हात्तीमा सवार भैरहन्या गरी स्थापना गऱ्या. सो रानीपोखरी भनी नाम प्रख्यात भैगयो ॥' (माणिक बज्राचार्य र अक्सल मिषायेल्स संपादक, 'नेपालिकभूपवंशावली', मूल खण्ड, हिमाल किताब, काठमाडौँ, ई.सं. २०१६, ९३-९४ पृ.)

कुँवर जङ्गबहादुर (वि.सं. १८७४-१९३३, शासनकाल वि.सं. १९०३-१९३३) श्री ३ महाराज भएपछि उनले आफ्नो वंश राजपुताना उदयपुरको राणावंशको शाखा हो भन्ने दाबी गरी आफूलाई रजपूत भन्न थाले । यसैले श्री ३ त महाराज भइहाले, श्री ३ बाहेकका अरू राणाजीहरूको प्रशस्तिमा आफ्नो वंशलाई राजाको खानदान सिद्ध गर्न 'राजकुमारका छोराका छोरा' भन्ने अर्थमा 'राजकुमारकुमारात्मज' भन्ने पद जोडिन थाल्यो । तर 'अभिलेख' पत्रिकामा छापिएको त्यस लेखमा 'राजकुमारकुमारात्मज'को अर्थ 'अ सन् अफ् द प्रिन्स्' (१०४ पृ.) अर्थात् 'राजकुमारका छोरा' भनेर मात्र गरिएको छ। यस कारण 'राजकुमार' र 'आत्मज'को बीचमा आएको 'कुमार' पदको अर्थ छोडिएको छ भनी भनिरहनु नपर्ला ।

श्री ५ हरूको प्रशस्तिमा भएको 'गिरिराजचक्रचूडामणि'को उल्था 'क्रेस्ट् जूअल् अफ् द मल्टिटचुड् अफ् द ग्रेट् माउन्टेन्ज्' (९९ पृ.) अर्थात् 'ठूला पहाडहरूको समूहको चूडामणि' भनी 'अभिलेख'मा छापिएको त्यस लेखमा गरिएको छ। वास्तवमा त्यसको उल्था अङ्ग्रेजीमा गर्ने हो भने 'क्रेस्ट्-जूअल् अफ् द मल्टिटचुड् अफ् माउन्टेन् किङ्ज्' हुन्छ। यसरी हामीले त्यस समस्तपदको अर्थ छापेको पनि २६ वर्ष भइसक्यो (महेशराज पन्त र फिलिप एच. पीअर्स, 'याड्मिनिस्ट्रेटिभ् डक्युमन्ट्स् अफ् द शाह डिन्यास्टि कन्सर्न्इङ् मुस्ताङ् यान्ड् इट्स् परिफ्अर्इ', फाउगेहा विस्सेन्शाफ्त्स्फेर्लाग, बोन, ई.सं. १९८९, २१ पृ.)। त्यो उल्था मात्र हेरेको भए पनि यस्तो भद्दा गल्ती हुने थिएन । श्री ५ हरूकै प्रशस्तिमा आउने 'नरनारायणेत्यादि'को उल्था 'लर्ड् अमङ् द सब्जिक्ट्स् एट्सेट्र' (९९ पृ.) अर्थात् 'प्रजाहरूको बीचमा मालिक इत्यादि' भनी त्यहाँ गरिएको पनि त्यत्तिकै गलत छ।

संस्कृत भाषा र वाङ्मयको यति थोरै ज्ञानको पूँजीको भरमा अक्सल मिषायेल्स संस्कृतको प्रोफेसर मात्र नभई 'संस्कृतका मूल ग्रन्थको परिशीलन र नृजातिशास्त्रीय अन्वेषणको संयोजन अपूर्व ढङ्गले गरेको' भनी उनको गाथा गाइएको देख्दा अब डटेर संस्कृत पढ्नुको कुनै अर्थ छैन, संस्कृतको गन्ध मात्र भए पनि मजाले भजाएर खान सकिँदो रहेछ भन्ने भावना संस्कृततर्फ लहसिएका युवा विद्यार्थीको मनमा आए संस्कृतविद्या अझ ओह्रालो लाग्ला भन्ने डर मलाई लाग्छ।

संस्कृतविद्याको साँच्चिकै उन्नति गर्ने हो भने पश्चिममा गरिने पढाइमा भएको ऐतिहासिक दृष्टिलाई आत्मसात् गरी परंपरागत ढङ्गले संस्कृतभाषा र शास्त्रको अध्ययन-अध्यापन गर्नुबाहेक अर्को विकल्प छैन । यस विषयमा ३७ वर्ष यतादेखि म लेख्दै आइरहेको छु। तर 'ऊर्ध्वबाहुर्विरौम्येष न च कश्चिच्छृणोति मे' ('महाभारत' १८।५।४९) अर्थात् 'हात माथि लगेर म कराइरहेछु, तर कोही पनि मेरो कुरा सुन्दैन' भने जस्तै स्थिति छ। म आफ्नो ढङ्गले कराइरहेछु, दुनियाँ आफ्नो ढङ्गले चलिरहेछ।

# शिवनन्दनको सुखद संयोग

विश्व सापकोटा

सुगम भएर पनि अशिक्षा, गरिबी र अभावले ग्रस्त जिल्लामध्ये पर्छ, पूर्वी तराईको सिरहा । शिवनन्दनले बालापनमै चर्को अभाव र गरिबीको मार खेपे। खेतीपातीबाट हुने आम्दानीले घरको गुजारा चल्न मुस्किल थियो । ठुलो दुःखले सात भाइ छोरा हुर्काइरहेका शिवनन्दनका आमाबुबाको अवस्था छोराहरूलाई विद्यालय पठाउन सक्ने थिएन । शिवनन्दन पढ्न चाहन्थे। उनको पढ्ने इच्छा यति बलियो थियो, त्यसका सामु नियतिको पनि केही जोर चलेन । शिवनन्दनलाई १० कक्षासम्म पढ्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्था 'सेभ द चिल्ड्रेन' ले सहयोग गऱ्यो । पढाइप्रतिको उनको लगाव देखेर ११ र १२ कक्षा पढ्दासम्म पनि छात्रवृत्ति दिइरह्यो । शिवनन्दन भन्छन्, 'छात्रवृत्ति नमिलेको भए यतिवेला म गाउँमै हलो जोतिरहेको हुने थिएँ।'

शिवनन्दन हलो जोत्न चाहँदैनथे। उनी ११ कक्षामा पढिरहँदा अक्षर नचिन्ने उनका बुबालाई ७ कक्षासम्म पढेका र गाउँमा धेरथोर राजनीति गर्दै आएका काकाले अंशबन्डामा ठगे । धेरैजसो पुर्ख्यौली जग्गा हत्याएका काकाले जग्गा बेच्ने भन्दै दाजुबाट पैसा लिएर त्यो जग्गा अर्कैलाई बेचिदिए।

यसले गर्दा दाजुभाइको सम्बन्ध बिग्रेपछि घर बनाएर बसेको १५ धुर जग्गाबाट पनि काकाले उठिबास लगाए । कारण, त्यो जग्गासमेत उनले आफ्नै नाममा गरिसकेका थिए, शिवनन्दनका निरक्षर बुबालाई ल्याप्चे लगाएर । शिवनन्दनका बुबाले निकै दुःख गरी अर्को ठाउँमा घर बनाए। किशोर शिवनन्दनको मनमा यो पीडा गडेर बस्यो। शिवनन्दन भन्छन्, 'मैले त्यहीबेला यस्ता अन्यायविरुद्ध लड्न वकिल बन्छु भन्ने अठोट गरें।'

शिवनन्दनको अठोट र घरको अवस्था मेल खाँदैनथ्यो। स्कुले विद्यार्थीलाई ट्युसन पढाएर खर्च जुटाउँदै उनले व्यवस्थापनमा स्नातक उत्तीर्ण गरे । वकिल बन्ने सपना पछ्याउँदै शिवनन्दन कानुन पढ्न काठमाडौं आए। ट्युसन पढाएरै एलएलबी पढे। अधिवक्ताको प्रमाणपत्र (लाइसेन्स) लिए । वकालत अभ्यास गर्ने अवसर नपाएपछि गुजाराका लागि विद्यालयमा पढाउन थाले । एलएलबी सकेपछि वकालत सुरु गर्न कतैबाट सहयोग नपाउँदा उनी बिरक्तिन थालिसकेका थिए । शिवनन्दनको जीवनमा दोस्रोपल्ट सुखद् संयोग जुऱ्यो । जतिबेला उनी कानुन व्यवसायमा लाग्ने अवसर खोज्दै थिए, त्यहीबेला यूएनडीपीको कानुनी शासन तथा मानव अधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रमको सहयोगमा नेपाल बार एसोसिएसनले नवप्रवेशी कानुन व्यवसायीका लागि अभ्यासवृत्ति (इन्टर्नसिप) कार्यक्रम सञ्चालन गर्दै थियो । शिवनन्दनले त्यसमा आवेदन दिए र छनोट भए । ६ महिनामा कानुन क्षेत्रका दिग्गज र अग्रजहरूबाट सिकेको सैद्धान्तिक ज्ञान, पेसागत अनुभव र प्रयोगात्मक अभ्यासले उनलाई कानुन व्यवसायमा लाग्ने आत्मविश्वास दियो । शिवनन्दन भन्छन्, 'इन्टर्नसिपको अवसर नपाएको भए यो पेसामा लाग्न सक्ने थिइनँ।'

शिवनन्दन अहिले वकालतमा जम्न थालेका छन् । बढीजसो कम्पनी कानुन र वाणिज्य कानुनसम्बन्धी मुद्दा हेर्ने गरेका उनको उत्साह दिनहुँ बढ्दो छ। क्याम्पसमा समेत पढाइरहेका उनी अब अरू क्षेत्रमा नजाने र वकालतमै जम्ने योजना सुनाउँछन्। इन्टर्नसिपमा छानिएका २० जनामध्ये मधेसी कोटाबाट छानिने एक्लो व्यक्ति शिवनन्दन सकेसम्म पछाडि पारिएको मधेसी समुदायका लागि यही क्षेत्रबाट योगदान दिन सक्दो प्रयास गर्ने बताउँछन्। आर्थिक जोहो हुन सक्यो भने आफ्नै ल फर्म खोलेर कानुन व्यवसाय अघि बढाउने उनको योजना छ। शिवनन्दन भन्छन्, 'यो आँट मलाई इन्टर्नसिपले दियो।'



# साहस स्की च्याम्पियन





**राजधानी समाचारदाता/काठमाडौं**

साहसराम श्रेष्ठ र फुन्जु लामाले प्रथम राष्ट्रिय स्की च्याम्पियनसिपको उपाधि जितेका छन् । रसुवाको लाङटाङस्थित क्यान्जिङ भ्यालीमा सञ्चालन भएको अल्पाइन स्कीमा पुरुषतर्फ साहस र महिलातर्फ फुन्जु च्याम्पियन बनेका हुन् । नेपाल स्की संघको आयोजना तथा मनकामना केबलकारको मुख्य प्रायोजनमा सञ्चालन भएको प्रतियोगिताको अल्पाइन स्कीको पुरुषतर्फ नाम्चेका छिरिङ शेर्पा दोस्रो तथा फर्पिङका रवि बलामी तेस्रो भएका थिए । त्यस्तै, महिलातर्फ फर्पिङकी अनिषा कर्माचार्य दोस्रो तथा ककनकी संगीता लामा तेस्रो भए ।

पर्यटनमन्त्री आनन्द पोखरेल, राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव केशवकुमार विष्ट, नेपाल ओलम्पिक कमिटीका अध्यक्ष एवं नेपाल स्की संघका अध्यक्ष जीवनरामश्रेष्ठलगायतले खेलाडीलाई शुक्रबार पुरस्कृत गरेका थिए । समापन सहारोहमा मन्त्री पोखरेलले खेलकुद र पर्यटन एकअर्काका परिपूरक भएकाले सँगसँगै अगाडि बढाउन सकिने धारण व्यक्त गरेका थिए ।

# टर्निङ प्वाइन्ट हुन सक्छ आयरल्याण्ड

**प्रकाश कँडेल/काठमाडौं**

विश्वकपको आफ्नो पहिलो खेलमा उत्कृष्ट सम्भावना देखाएको नेपाली यू-१९ क्रिकेट टिमका लागि शनिबार आयरल्यान्डविरुद्धको खेलले अघिल्लो चरणको सम्भावना स्पष्ट पार्नेछ । भारतसँगको अन्तिम खेलअगावै अघिल्लो चरण प्रवेश गर्ने ध्याउन्नमा रहेको नेपालले बलियो एसोसिएटेड आयरल्यान्डविरुद्धको खेल नेपालका लागि टर्निङ प्वाइन्ट हुनेछ ।

टेस्ट वरीयताप्राप्त न्युजिल्यान्डलाई पराजित गरेर आत्माविश्वासी बनेको नेपालका लागि आयरल्यान्ड पनि बलियो प्रतिद्वन्द्वी हो । आयरल्यान्ड आफ्नो पहिलो खेलमा भारतसँग फराकिलो अन्तरले पराजित भयो ।

यद्यपि, उसले नेपालविरुद्ध स्वाभाविक रूपमा सुधिने प्रयास गर्नेछ । विश्वकप छनोटका बेला आयरल्यान्डलाई हराएको नेपाल सो ही नतिजा दोहोर्‍याउने ध्याउन्नमा मैदानमा उत्रिनेछ । फतुल्लाहस्थित खान साहेब ओसमान अली रंगशालामै हुने भिडन्तमा नेपाल अघिल्लो चरणनिकट पुग्नेछ । जसको फैसला खेलको अन्तसँगै हुने लगभग निश्चित छ । यसअघि सन् २००० मा पहिलो पटक यू-१९ विश्वकपमा सहभागी हुँदा नेपाल दोस्रो चरण पुगेको थियो । त्यसपछिका पछिल्ला १६ वर्ष नेपाली युवा टिमले सम्झनलायक प्रदर्शन गरेको छैन ।

यू-१९ विश्वकपको फाइनल यात्रा गरिसकेको न्युजिल्यान्डविरुद्धको सानदार जितपछि नेपाली टिम अर्को चरण पुग्नेमा विश्वस्त प्रायः छ । न्युजिल्यान्ड सन् १९९८ मा भएको विश्वकप फाइनल खेलमा इंग्ल्यान्डसँग ७ विकेटले पराजित हुँदै उपविजेता बनेको थियो । यद्यपि, त्यसयता भने न्युजिल्यान्डले त्यस्तो गतिलो प्रदर्शन गर्न सकेको छैन ।

विश्वकप छनोटको आफ्नो अन्तिम तथा निर्णायक खेलमा आयरल्यान्डलाई नै हराएर विश्वकपमा छनोट भएको नेपाल पुनः उही प्रतिद्वन्द्वीविरुद्धको खेलमा उत्रिँदा स्वाभाविक रूपमा आत्मविश्वासी हुनेछ । यसर्थ, शीर्ष दुईमा रहँदै अघिल्लो चरण प्रवेशका लागि आयरल्यान्डविरुद्धको खेल टर्निङ पोइन्टका रूपमा रहनेछ । टेस्ट वरीयताप्राप्त अस्ट्रेलियाले सुरक्षाको कारण देखाउँदै विश्वकप नखेल्ने बताएपछि नेपालसँग छनोटमा पराजित भएको आयरल्यान्डले मौका प्राप्त गरेको थियो । जसलाई प्रमाणित गर्न पनि आयरल्यान्ड नेपालविरुद्ध निश्चित जितका लागि मैदान उत्रिनेछ ।

प्रतियोगितामा समूह 'डी' मा रहेको नेपाल तालिकाको दोस्रो नम्बरमा छ । भारत आयरल्यान्डविरुद्ध फराकिलो जित निकालेकाले शीर्ष स्थानमा रहेको छ । भारतले पनि शनिबार नै न्युजिल्यान्डविरुद्ध प्रतियोगिताको दोस्रो खेल खेल्नेछ ।

१६ टिमको सहभागिता रहेको प्रतियोगितालाई ४ समूहमा विभाजन गरी प्रतिस्पर्धा गराइँदै छ । हरेक समूहका विजेता र उपविजेता क्वार्टरफाइनलमा प्रवेश गर्नेछन् ।

# नेपाल भ्रमणको निम्तो




**काठमाडौं/रास–** राष्ट्रिय खेलकुद परिषद् (राखेप) का उपाध्यक्ष एवं नेपाल ओलम्पिक कमिटी (एनओसी) का महासचिव लामा टेन्डी शेर्पाले थाइल्यान्डका विभिन्न खेल संघमा आबद्ध अध्यक्षलाई नेपाल भ्रमणको निम्तो दिएका छन् । थाइल्यान्ड ओलम्पिक कमिटी, टेबलटेनिस, लनटेनिस र बास्केटबल संघका अध्यक्षलाई बुद्धजयन्तीका अवसरमा उनीहरूलाई नेपाल भ्रमण गर्न एनओसीका तर्फबाट निमन्त्रणा दिएको थाइल्यान्डबाट उपाध्यक्ष शेर्पाले जानकारी गराएका छन् ।

भारतमा हुने १२औं दक्षिण एसियाली खेलकुद (साग) को तयारीका लागि प्रशिक्षणमा रहेका विभिन्न खेलको नेपाली टोलीको अवलोकन गर्न उपाध्यक्ष शेर्पा हाल थाइल्यान्डमा रहेका छन् । उनले त्यस अवसरमा नेपाली खेलाडीलाई प्रशिक्षणको व्यवस्था मिलाइदिएकामा सम्बन्धित निकायलाई धन्यवाद दिँदै आगामी दिनमा पनि यस्तै सहयोगको अपेक्षा गरिएको बताए ।

# विकास अगाडि



**काठमाडौं/रास–** प्रथम पूर्वनेपाल च्याम्पियन विकासमान लामा 'नेपाल टेलिकम कप' नवौं सार्वजनिक संस्थान खेलकुद प्रतियोगिताअन्तर्गत बुद्धिचालतर्फ दोस्रो चरणको खेल सकिँदा शुक्रबार शीर्ष स्थानमा छन् ।

नेपाल विद्युत् प्राधिकरणका विकासको २ अंक छ । सार्वजनिक संस्थान खेलकुद संघ नेपालद्वारा आयोजित प्रतियोगितामा समान २ अंकसाथ नागरिक उड्डयन प्राधिकरणका गोपालबहादुर डंगोल विकाससँगै शीर्ष स्थानमा छन् ।

प्रतियोगिताको आयोजक संघका अध्यक्ष कुलबहादुर आचार्यले एक कार्यक्रमबिच उद्घाटन गरे । बुद्धिचालमा १२ प्रतिस्पर्धी सहभागी छन् । पहिलो हुनेले १५ हजार, दोस्रोले १० हजार र तेस्रोले ५ हजार नगद पुरस्कार जित्नेछन् ।

प्रतियोगिताको दोस्रो तथा अन्तिम दिन पुरुष/महिलाको खुला र कर्मचारीको क्रमशः १० किलोमिटर र ५ किलोमिटर दुरीमा दौड हुनेछ । दौडको कुल पुरस्कार राशि १ लाख ६० हजार रुपैयाँ रहेको छ ।

# विश्व तेक्वान्दो अध्यक्ष काठमाडौंमा




**काठमाडौं/रास–** विश्व तेक्वान्दो महासंघका अध्यक्ष डा. छुङबोन छोको नेतृत्वमा २८ सदस्यीय तेक्वान्दो टोली शुक्रबार नेपाल आएको छ ।

छोसहित अफ्रिकन तेक्वान्दो युनियनका अध्यक्ष अहमद एलफोली, युरोपियन तेक्वान्दो युनियनका अध्यक्ष अत्हाना सियोस प्रागालोस, ओसिएना तेक्वान्दो युनियनका अध्यक्ष जोन कोत्सिफास, एसियाली तेक्वान्दो युनियनका अध्यक्ष क्यु सियोक ली, तेक्वान्दो महासंघका डाइरेक्टर जेनरल रोजर पियारुली, तेक्वान्दो महासंघका सल्लाहकार चाङसिन चोइसहितको टोली नेपाल आएको हो ।

सो टोलीले सिन्धुपाल्चोकका भूकम्पपीडितलाई राहत वितरण गर्ने कार्यक्रम रहेको छ । त्यस्तै, पोखरामा हाई अल्टिच्युटमा हुने पुम्से प्रतियोगिताको स्थलगत निरीक्षण पनि गर्ने नेपाल तेक्वान्दो संघले जनाएको छ ।

त्यस्तै, उनीहरूले राष्ट्रपति, प्रधानमन्त्रीलगायत उच्चपदस्थ महानुभावसँग भेट गर्ने कार्यक्रमसमेत रहेको छ । तेक्वान्दोमा यति विशिष्ट व्यक्तिहरू सम्मिलित टोलीले यसअघि कुनै पनि राष्ट्रको भ्रमण गरेको थिएन । टोलीलाई नेपाल तेक्वान्दो संघका अध्यक्ष प्रकाशमशेर राणा र संघका महासचिव दीपराज गुरुङले स्वागत गरे । अध्यक्ष छोलाई स्वागत गर्न तेक्वान्दो संघका पदाधीकारी तथा सदस्य, वरिष्ठ प्रशिक्षक, प्रशिक्षक, खेलाडी तथा तेक्वान्दोका विभिन्न निकायका व्यक्तिहरू त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पुगेका थिए ।

# साइक्लिङ टोलीको बिदाइ



**काठमाडौं/रास–** भारतमा हुने १२औं दक्षिण एसियाली खेलकुद (साग) मा सहभागी हुने नेपाली साइक्लिङ टोलीलाई शुक्रबार राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव केशवकुमार विष्टले शुक्रबार बिदाइ गरे । ६ खेलाडीसहित ८ सदस्यीय टोलीलाई बिदाइ गरियो । पुरुषमा आयमान तामाङ, अजय पण्डित क्षत्री, नारायणगोपाल महर्जन र बुद्धिबहादुर तामाङ रहेका छन् । महिलामा लक्ष्मी मगर र पुष्पाकुमारी भण्डारी छन् । टिम प्रशिक्षकमा इन्द्रबहादुर महर्जन र व्यवस्थापकमा शैलेन्द्र डंगोल छन् । टोली शनिबार प्रस्थान गर्दै छ ।

# सृजना ज्ञानसागर र मनास्लु बराबरीमा

**काठमाडौं/रास–** अर्गनाइजेसन अफ प्राइभेट स्कुल (ओप्स) को आयोजना र सृजना ज्ञानसागर स्कुलको संयोजनमा भएको प्रथम ओप्स अन्तरविद्यालय फुटबल प्रतियोगिता शुक्रबारदेखि सुरु भएको छ ।

प्रतियोगिताको उद्घाटन खेलमा चिल्ड्रेन एटर्नल स्कुल, प्रगति मावि र ज्ञान मन्दिर माविले विजयी सुरुआत गरेका छन् । नेपालटारस्थित तारकेश्वरको खेल मैदानमा भएकाले खेलमा चिल्ड्रेनले कौशल इंग्लिस स्कुल २-१, प्रगतिले हिमरश्मिलाई १-० र ज्ञान मन्दिरले न्युटन माविलाई १-० गोलअन्तरले पराजित गर्‍यो । प्रतियोगिता संयोजक स्कुल सृजना ज्ञान सागर माविले मनास्लु कुलसँग २-२ गोलको बराबरीमा खेल्यो । शुक्रबारकै खेलमा फेरिल्यान्ड स्कुल र गिनिज पब्लिक माविले पनि गोलरहित बराबरीमा खेलेको सृजना ज्ञान सागर माविका प्रिन्सिपल राजेन्द्रप्रसाद फुयाँलले बताए ।

# पौडी उपाध्यक्ष हंगेरीतर्फ

**काठमाडौं/रास–** नेपाल पौडी संघका उपाध्यक्षद्वय राजेन्द्र श्रेष्ठ (राजु) र महेश महर्जन फिना विश्व पौडी पुरस्कार वितरण कार्यक्रममा सहभागी हुन शुक्रबार हंगेरीको बुढापेस्ट प्रस्थान गरेका छन् । अन्तर्राष्ट्रिय पौडी महासंघ (फिना) को आयोजनामा सो कार्यक्रम जनवरी ३१ तारिखमा हुँदै छ । सो कार्यक्रममा विश्वका उत्कृष्ट विभिन्न विधाका खेलाडीलाई पुरस्कृत गरिने नेपाल पौडी संघले जनाएको छ । उनीहरूलाई पौडी संघका अध्यक्ष अशोक बज्राचार्यले बिदाइ गरे ।

# भारतलाई सिरिज

**मेलवर्न/एजेन्सी–** भारत र अस्ट्रेलिया बिच जारी ३ खेलको ट्वान्टी-२० सिरिजमा भारतले बाजी मारेको छ । शुक्रबार भएको दोस्रो खेलमा पनि भारतले अस्ट्रेलियालाई २७ रनले पराजित गरेपछि सिरिजको अन्तिम खेलअघि नै भारत उपाधि आफ्नो पोल्टोमा पार्न सफल भएको हो । टस हारेर पहिले ब्याटिङ गरेको भारतले निर्धारित २० ओभरमा १ सय ८४ रन बनायो । रोहित शर्माले ६० रनको योगदान दिएको खेलमा विराट कोहलीले ३३ बलमा ५९ रनको अविजित पारी खेल्दै टिमलाई सम्मानजक अवस्थामा पुर्‍याए । त्यस्तै, शिखर धवनले ४२ रन बनाए ।

# ओडीसीको विजयी सुरुआत



**काठमाडौं/रास–** आयोजक ओडीसी इन्टरनेसनल एकेडेमी र ग्रिनल्यान्डले आठौं ओडीसी अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर ब्वाइजमा शुक्रबार विजयी सुरुआत गरेका छन् । धापासीस्थित घरेलु कोर्टमा ओडीसीले नोब्सलाई २१-१५ ले पराजित गर्‍यो । ओडीसीका विशाल राईले ६ अंक जोडे ।

रोसन आले मगरको ६ अंक सहयोगमा ग्रिनल्यानडले मञ्जरीलाई १३-४ ले हरायो । जुनियर ब्वाइजमै बीएनएले सेबलाई १२-११, एन्जल्स हर्टले अभियान पब्लिक स्कुललाई १३-८ तथा गोल्डेनपिकले डेनेब एकेडेमीलाई २५-१२ ले पन्छाए । बीएनएका निशान थापाले ६, एन्जल्स हर्टका शैलेश कँडेलले ८ र गोल्डेनपिकका पेम्बाले १० अंक जोडे । जुनियर ब्वाइजमै दोहोरो जित हात पार्ने क्रममा माउन्ट ग्लोरीले जगत् मन्दिरलाई ३०-१० तथा एनआईबीएचलाई २२-८ ले निराश पारे ।

# मनाङ र आर्मीको फाइनल भिडन्त

**राजधानी संवाददाता/पोखरा**

लक्ष्मीहुन्डाई मनाङ मर्स्याङ्दी क्लब र त्रिभुवन आर्मी क्लब शनिबार १४औं आहा रारा गोल्डकपको उपाधि भिडन्तमा उत्रिँदै छन् । पोखरा रंगशालामा दिउँसो सुरु हुने फाइनल दुवै टिमले आफूले जित्ने दाबी गरेका छन् ।

त्यसो त सहारा क्लबको फुटबल इतिहास केलाउने हो भने अघिल्लो १३औं र नवौं संस्करणमा मनाङले क्वार्टरफाइनलमा आर्मीलाई पराजित गरेको थियो । फाइनलमा भने यी दुवै टिमको पहिलो भिडन्त शनिबार हुनेछ ।

आयोजक सहारा क्लब पोखराले शुक्रबार आयोजना गरेको पत्रकार सम्मेलनमा मनाङका प्रशिक्षक छिरिङ लोप्साङ गुरुङले आफूहरू दोस्रो रोजाइका खेलाडीसहित मैदानमा उत्रिए पनि उपाधि आफ्नै पक्षमा पर्ने दाबी गरे । उनले आर्मीलाई पराजित गर्न आफू आतुर रहेको बताए । कप्तान अनिल गुरुङले आफूहरूको अभ्याससँगै तयारी रामो रहेको बताउँदै विपक्षी शारीरिक रूपमा सबल रहेकाले जितका लागि भने धेरै मेहनत आवश्यक रहेको बताए ।

उता, आर्मीका प्रशिक्षक मेघराज केसीले फाइनल खेलमा नतिजा आफ्नो पक्षमा पार्ने दाबी गरे । यो प्रतियोगिता सिजनको पहिलो रहेकाले पनि आफूहरूले उपाधि उचाली सुखद सुरुआत गर्न चाहेको उनको भनाइ थियो । आर्मीको प्रशिक्षक सम्हालेयता मनाङसँग सातौं भेट भएकामा ५ खेलमा आफूहरूको जित भएकाले जित दोहोर्‍याउने दाबी गरे । आर्मी क्याप्टेन भरत




खवासले जितका लागि आफूहरू उच्च मनोबलका साथ शारीरिक र मानसिक रूपमा तयार रहेको बताउँदै फाइनल ५०/५० को हुने र जसले बढी मेहनत गर्छ उसैले सफलता प्राप्त गर्ने बताए ।

मनाङले दोस्रो, तेस्रो र दसौं आहा गोल्डकपको उपाधि चुमेको छ । ऊ क्याराभान गोल्डकपसहित पाँचौं नवौं, बाह्रौं र तेह्रौं संस्करणको उपविजेता हो । आर्मी यसअघि दुई पटक फाइनलमा पुगेर उपाधिबाट बञ्चित बनेको थियो । उसका लागि यो तेस्रो फाइनल यात्रा हो । ऊ सातौं र आठौं संस्करणमा नेपाल पुलिससँग पराजित भएको थियो ।

जारी संस्करणमा मनाङले भारतको गोर्खा ब्रिगेड टिमलाई पन्छाउँदै अन्तिम चारमा पुगेकामा दोस्रो सेमिफाइनलमा रमपम झापा-११ लाई ४-० ले पराजित गर्दै फाइनलमा पुगेको हो । जावलाखेल युथ क्लबलाई पहिलो चरणमा पराजित गरेको आर्मी क्वार्टरफाइनलमा थ्री-स्टार र पहिलो सेमिफाइनलमा आयोजक सहारा क्लबको चुनौती २-० ले पन्छाउँदै उपाधि नजिक पुगेको हो ।

मनाङसँगको विगतका २ क्वार्टरफाइनलमा बेहोरोको हार र फाइनल यात्रा तय गरे पनि दुई पटक नै उपाधिबाट वञ्चित बनेको आर्मी बदला लिने दाउमा छ । ८ पटक फाइनल यात्रा तय गरेको मनाङ ३ पटकको जितमा थप अंक जोड्ने सुरमा हुनेछ ।

विजेताले ५ लाख १ हजार रुपैयाँ नगदसहित सिल्ड, मेडल र प्रमाणपत्र पुरस्कार प्राप्त गर्नेछ भने उपविजेताले २ लाख ५१ हजार पुरस्कार पाउने आयोजकले जनाएको छ । सर्वोकृष्ट खेलाडीलाई हिरो स्कुटर र सर्वाधिक गोलकर्तालाई २५ हजार पुरस्कार दिइनेछ । उत्कृष्ट पाँच विधामा उत्कृष्ट गोलकिपर, डिफेन्डर, मिडफिल्डर, स्ट्राइकर र प्रशिक्षकलाई जनही १५ हजार रुपैयाँ पुरस्कार दिइने क्लब अध्यक्ष वीरभद्र आचार्यले बताए ।

राजधानी न्युज पब्लिकेसन प्रालिद्वारा प्रकाशित तथा मुद्रित, राजधानी भवन, कुपण्डोल, पो.ब.नं. २०५०३ काठमाडौं, फोन : ५५४६३००/५५४१०३०/४०, फ्याक्स : ९७७-१-५०११५९४, प्रमुख कार्यकारी अधिकृत : आषिश शेरचन, सम्पादक : राजन शर्मा